म.जि. प्र. का. द.नं. : १०६/०६८, वर्ष १४ अंक १७२ शनिबार, १९ माघ २०८१ ने. सं. ११४५ सिल्लाश्व 1 February 2025 www.sajhakuranews.com पृष्ठ संख्या ४ मूल्यः रु. ३/-

मकवानपुरबाट प्रकाशित लोकप्रिय 'क' वर्गको पत्रिका

साझाकुरा

साझाकुरा

राष्ट्रिय दैनिक

www.sajhakuranews.com

इन्द्रसरोवरमा रुखले थिचेर बालकको मृत्यु

हेटौंडा, १८ माघ/मकवानपुर जिल्लाको इन्द्रसरोवर गाउँपालिका-२ स्थित खानिखेतमा रुखले थिचेर एक बालकको मृत्यु भएको छ । इन्द्रसरोवर गाउँपालिका-२ का आदर्श पुडासैनीको शुक्रबार रुखले थिचेर मृत्यु भएको जिल्ला प्रहरी कार्यालय मकवानपुरले जनाएको छ ।

स्थानीय भागीरथ पुडासैनीले आफ्नै बारीमा रुख काटीरहेको अवस्थामा रुख ढली निजको नाति वर्ष १२ का आदर्श च्यापिन गई घाइते भएका थिए । प्रहरीका अनुसार, रुखले च्यापिएर टाउको र दुबै हातमा चोट लागि गम्भीर घाइते भएका आदर्शको काठमाडौँस्थित त्रिविवि शिक्षण अस्पताल उपचार क्रममा शुक्रबार साँझ चिकित्सकले मृतघोषणा गरेका थिए । बालकको शव काठमाडौँस्थित त्रिविवि शिक्षण अस्पतालमा रहेको छ ।

बागमती प्रदेशसभाको सात वर्ष पूरा, अधिवेशन सुरुवातमै आरोपप्रत्यारोप

साझाकुरा संवाददाता

हेटौंडा, १८ माघ/ बागमती प्रदेशसभाको डिउँ अधिवेशन शुक्रबारबाट सुरु भएको छ । शुक्रबार नै प्रदेशसभा स्थापनाको ७ वर्ष पूरा भएको छ । बिहान १२ बजे प्रदेशसभाको अधिवेशन सुरु भएर दिउँस वार्षिकोत्सवको अवसरमा औपचारिक कार्यक्रमको आयोजना गरिएको थियो ।

प्रदेशसभा ठप्प भएको चार महिनापछि शुक्रबार प्रदेशसभामा प्रतिनिधित्व गर्ने दलका नेताहरुले शुभकामना दिए । अधिवेशनको शुभकामना दिन रोष्टममा उभिएका सत्तापक्ष र प्रतिपक्ष दलका नेताबीच आरोपप्रत्यारोप नै चल्यो । डिउँदे अधिवेशनमा सरकारले गर्नुपर्ने कामकारबाहीको विषयमा भन्दा विकसित राजनीतिक घटनाक्रमलाई जोडेर सरकार र विपक्षीबीच जुहारी चलेको हो ।

प्रदेशसभाको कामकार बाहीका विषयमा विपक्षी दलका नेताहरुले बैठकमा प्रश्न उठाए । सरकारले सही ढंगबाट काम गर्न नसकेको र नागरिकका आवश्यकता र मागलाई सम्बोधन गर्न नसकेको आरोप लगाइएको थियो । प्रमुख प्रतिपक्ष दल नेकपा माओवादी केन्द्र बागमती प्रदेश संसदीय दलका नेता शालिकराम जम्कट्टेलले एमाले-कांग्रेसको महागठबन्धन बनेदेखि देशमा अशान्ति भइरहेको आरोप लगाए । सरकारी जग्गा हडप्ने, सहकारीको रकम अपचलनका घटना लुकाउने, गलत प्रवृत्ति गर्नेलाई जोगाउनेतर्फ सत्ता गठबन्धन उद्यत रहेको उनले आरोप लगाए ।

राप्रपा बागमती प्रदेश संसदीय दलका नेता उद्धव थापाले प्रदेश सरकार नागरिकको पक्षमा काम गर्न असक्षम भएको जिकिर गरे । सरकारले प्रदेशका नागरिकको अपेक्षा पूरा गर्न नसकेको भन्दै सरकारको गतिविधिले नै वर्तमान व्यवस्थाप्रति नागरिकको असन्तुष्टि बढेको उनको भनाइ थियो । नेकपा एकीकृत समाजवादी संसदीय दलका नेता कृष्णप्रसाद शर्मा खनालले प्रदेश सरकारको नेतृत्व र नीतिमा कमजोरी र प्रशासनिक अक्षमता देखिएको बताए । सरकारले विकास निर्माणभन्दा पनि कार्य कर्ता व्यवस्थापनको लागि काम गरिरहेको उनको आरोप थियो ।

नेमकिपा बागमती प्रदेश संसदीय दलका नेता सुरेन्द्रराज गोसाईंले शासक दल र नेतृत्वको कारण व्यवस्थामाथि बारम्बार प्रश्न उठ्ने गरेको बताए । उनले प्रदेशको औचित्यमाथि नै प्रश्न उठाउने अवस्था आउनुमा अहिलेसम्मका सत्तामा जाने दल नै जिम्मेवार रहेको आरोप लगाए । बैठकमा हाम्रो नेपाली पार्टी बागमती प्रदेश संसदीय दलका नेता शैलेन्द्रमान बज्राचार्यले वर्तमान व्यवस्थाले पीडित उत्पीडित वर्गको अधिकार सुनिश्चित गरेको बताए ।

सत्तारुढ दल नेपाली कांग्रेस र नेकपा एमालेले सरकारले विकास र समृद्धिको मुद्दालाई सशक्तरुपमा अघि बढाएको तर्क गरेका थिए । मुख्यमन्त्री बहादुरसिंह लामाले राजनीतिक अस्थिरताको अन्त्य र समुन्नत प्रदेश निर्माणमा दुई ठुला दल मिलेर सरकार गठन भएको बताए । उनले नागरिकको आवश्यकता र माग पूरा गर्न सरकारले काम गरिरहेको दाबी गरे । सरकारले लोकप्रियताका लागि नभएर आवश्यकताको आधारमा काम गरिरहेको मुख्यमन्त्री लामाको भनाइ थियो । आयोजना छनोट व्यवस्थित गर्न आयोजना बैंक निर्माण गरी आगामी आर्थिक वर्षबाट कार्यान्वयन गर्नेगरी अघि बढाइएको पनि मुख्यमन्त्री लामाले बताए ।

एमालेका बागमती प्रदेशसभा संसदीय दलका नेता जगन्नाथ थपलियाले राजनीतिक स्थिरताको काम वर्तमान सरकारले गरिरहेको दाबी गरे । उनले वर्तमान सरकार २०८४ सम्म निरन्तर जानेमा शंका नरहेको बताए । प्रदेश सभाले राजस्वका क्षेत्र, पहरी र निजामती कर्मचारीको अधिकारका सन्दर्भमा छलफल गर्नुपर्ने उनको भनाइ छ । संसदको बहस मेगा प्रोजेक्ट, वैदेशिक सहायता लिने लगायतका क्षेत्रमा अघि बढाउनुपर्ने उनले बताए ।

कानुन निर्माण सुस्त

बागमती प्रदेशसभाले स्थापनाको सात वर्ष पूरा हुँदा समेत आवश्यक कानुन निर्माण गर्न सकेको छैन । प्रदेशलाई पूर्णरुपमा अधिकार सम्पन्न बनाउन ९९ वटा कानुनको पहिचान गरेको बागमतीले हालसम्म ४८ वटा मात्र मूल ऐन निर्माण गरेको छ ।

जुन पहिचान गरिएका मूल ऐनको आधा हो । एकल अधिकार सूचीका धेरै कानुन निर्माण गरिसकेको बागमती सरकारले संघ सरकारसँगको साझा अधिकार सूचीमा रहेका कानुन निर्माण गर्न सकेको छैन । संघीय सरकारलाई बाइपास गरेर केही कानुन निर्माण गरे पनि विभिन्न समयमा भएका सत्तासमीकरण परिवर्तनले प्रदेशले कानुन निर्माणमा गति दिन नसकेको दाबी गरेको छ ।

बागमती प्रदेशसभामा हालसम्म दर्ता भएका ९१ वटा ऐनमध्ये प्रदेशसभाबाट ८४ वटा पारित भएका छन् । जसमध्ये १६ वटा सालबसाली र एउटा विचाराधीन रहेको छ । पहिलो प्रदेशसभाबाट ७० वटा ऐन पारित भएकोमा दोस्रो प्रदेशसभाको बैठक सुरु भएपछि १२ वटा ऐन निर्माण भएका छन् ।

प्रदेश सरकारले स्थापनायता १४ वटा अध्यादेश प्रदेशसभाले स्वीकृत गरेको छ भने ५ वटा निरिक्रय भएको प्रदेशसभा सचिवालयले जनाएको छ । यसैतरी, प्रदेशसभाको आगामी बैठक २३ माघमा बस्नेछ ।

'इमान्दारीपूर्वक काम गरे जनताले संघीयताको विकल्प खोज्दैनन्'

साझाकुरा संवाददाता

हेटौंडा, १८ माघ/ बागमती प्रदेशप्रमुख दीपकप्रसाद देवकोटाले संघीय सरकार र प्रदेश सरकारले इमान्दारीपूर्वक कार्य गर्न सकेमा जनताले संघीयताप्रति विकल्प नखोज्ने बताएका छन् ।

बागमती प्रदेशसभाको सातौं वार्षिकोत्सवको अवसरमा हेटौंडामा आयोजित कार्यक्रमलाई सम्बोधन गर्दै प्रदेशप्रमुख देवकोटाले अहिले मुलुकमा संघीयता आवश्यक नरहेको भनि टिकाटिप्पणी भइरहेको अवस्थामा संघीय सरकार र प्रदेश सरकारले इमान्दारीपूर्वक कार्य गर्न सकेमा जनताले संघीयताप्रति विकल्प नखोज्ने बताएका हुन् । उनले मुलुकमा पूर्वाधार विकासको साथै स्थानीय निकायबाट जनतामा गुणात्मक सेवाप्रवाह गर्न संघीयताको संरचना अपरिहार्य रहेको उल्लेख गरे ।

प्रदेश सरकारले जनताको लागि आर्थिक समुन्नती तथा शैक्षिक विकासको लागि योजना र बजेटलाई दीर्घकालीनरुपमा कार्यान्वयन गर्नुपर्नेमा जोड दिए । प्रदेश सरकारले जनताको आवश्यकता र भौगोलिक अवस्थालाई समिक्षा गरेर राष्ट्रिय गौरवको आयोजना, विकासको पूर्वाधार र गुणस्तरीय स्वास्थ्य उपचार सेवालाई निरन्तरता दिनसके मात्रै संघीयताको लक्ष्य पूरा गर्न सकिने उनको भनाई छ ।

मुख्यमन्त्री बहादुरसिं लामातामाडले प्रदेश सरकारले प्रदेशको सबै जिल्लाका स्थानीय निकायलाई सुशासन कायम गर्ने गरी आवश्यक ऐन कानूनको तर्जुमा गरिएको बताए । उनले जनतालाई सेवाप्रवाहमा गुणात्मक पक्षलाई गतिशील तुल्याई जनताको आस्था र विश्वास अभिवृद्धि गर्न जनप्रतिनिधि नै चनाखो हुनुपर्ने बताए । उनले प्रदेशमा सीमित स्रोतसाधन परिचालन गरी प्रदेशसभाका सदस्यको मागअनुसार प्रदेशको ६६ निर्वाचन क्षेत्रमा क्रमशः राष्ट्रिय गौरवको आयोजनाको साथै कृषिउत्पादन, पशुपालन र साना घरेलु उद्योगलाई प्रोत्साहन गर्न आर्थिक प्याकेजको कार्यक्रम क्रमशः कार्यान्वयन गर्दै लैजान लागिएको बताए ।

बागमती प्रदेशसभाका पूर्वसभाप्रमुख सानुकुमार श्रेष्ठले संविधानले दिएको अधिकारी प्रयोग गरी बागमती प्रदेश सभा गठन भएको उल्लेख गरे । जनप्रतिनिधिले इमान्दारीपूर्वक प्रदेशसभामा विधेयक आउँदा ध्यानपूर्वक अध्ययन र अनुसन्धान गरी ऐन कानून तर्जुमा गरिएमा संघीयताको मर्म र भूमिका जनताले अझ बढी विश्वास गर्ने बताए ।

कार्यक्रममा प्रदेशसभाका उपसभामुख अप्परा चापागाईं, नेकपा एमाले संसदीय दलका नेता जगन्नाथ थपलिया, राष्ट्रिय प्रजातन्त्र पार्टी संसदीय दलका नेता उद्धव थापा, एकीकृत समाजवादी संसदीय दलका नेता कृष्णप्रसाद शर्मा खनाल, हाम्रो नेपाली पार्टी संसदीय दलका नेता शैलेन्द्रमान बज्राचार्यले प्रदेशसभाले समयनाकुल ऐन कानूनको तर्जुमा गरी प्रदेशका सबै निर्वाचन क्षेत्रमा राष्ट्रिय गौरवको आयोजना, पूर्वाधार विकास र जनतालाई आर्थिक समृद्धितर्फ उन्मुख गराउने योजना बजेटलाई अझ प्रभावकारी ढंगबाट अगाडि बढाउनेतर्फ प्रदेश सरकारको भूमिका सशक्त हुनुपर्ने बताए ।

वार्षिकोत्सवको अवसरमा बागमती प्रदेशसभाको बैठकमा नियमित उपस्थित हुने प्रदेशसभाका पाँचजना सदस्यलाई सम्मान गरिएको थियो । सम्मानित हुनेहरुमा क्रमशः उद्धव थापा (राप्रपा संसदीय दलका नेता), गोविन्दप्रसाद लम्साल (कांग्रेस बागमतीका सचेतक), बालकुमारी कार्की र रामप्रसाद ढुंगाना रहेका छन् । सूचनाअधिकारी हिमा न्यौपाने, सहायक कर्मचारी धिरज ढकाल लगायत १० जनालाई नगदसहित पुरस्कार प्रदान गरिएको थियो ।

सबै शिक्षकलाई तालिम दिँदै मनहरी गाउँपालिका

साझाकुरा संवाददाता

हेटौंडा, १८ माघ/ विद्यालय तहको पाठ्यक्रम र मूल्याङ्कन सम्बन्धी दुई दिवसीय तालिम शुक्रबारदेखि मनहरी-४ स्थित पशुपतिनाथ माविमा सुरु भएको छ । तालिममा विद्यालय व्यवस्थापन समिति अध्यक्ष माधव गौतमको सभाध्यक्षतामा तालिम सुरु भएको हो ।

पशुपतिनाथ माविमा भएको तालिममा कृष्ण पौडेल र विवशजड थापाले सहजीकरण गरिरहेका छन् । यो विद्यालयमा मनहरी-४ को सृजना प्राबि र चेपाङ प्राविका शिक्षक पनि सहभागी भएका छन् । तालिम उद्घाटनका अवसरमा निवर्तमान प्रज भानुभक्त आचार्यले विद्यालयमा कार्यरत शिक्षकका लागि विद्यार्थी मूल्याङ्कनमा समस्या आएको र तालिमले समस्या समाधान गर्ने बताए ।

मनहरी गाउँपालिकाले गाउँपालिकाको ९ वटै वडामा एकैसाथ सुरु गरेको हो । वडाभित्रका सबै विद्यालयका शिक्षकलाई एकै स्थानमा राखेर २ दिने तालिम प्रदान गरिएको हो ।

गाउँपालिकामा कार्यरत सबै विद्यालयका सबै शिक्षकका लागि पाठ्यक्रम र मूल्याङ्कन सम्बन्धी तालिम आयोजना गरिएको गाउँपालिका शिक्षाप्रमुख प्रदीप पराजुलीले जानकारी दिए । हरेक वडाका लागि २/२ जना प्रशिक्षकले सहजीकरण गरिरहेका छन् ।

वडा नं. १ को बाल जीवनज्योति माविमा, वडा नं. २ को सीता माविमा, वडा नं. ३ को महेन्द्रज्योति माविमा, वडा नं. ४ को पशुपतिनाथ माविमा, वडा नं. ५ को भोजसिद्ध माविमा तालिम संचालन भइरहेको शिक्षाप्रमुख पराजुलीले जानकारी दिए । त्यस्तै मनहरी-६ को राष्ट्रिय मावि सुनाचुरीमा, मनहरी-७ को राष्ट्रिय रोटरी माविमा, मनहरी-८ को महेन्द्रकिरण माविमा र मनहरी-९ को युवावर्ष गंगा आविमा तालिम चलिरहेको छ ।

बागमतीका सबै अस्पतालमा बिहान ८ बजेदेखि ओपिडी सेवा सुरु

साझाकुरा संवाददाता

हेटौंडा, १८ माघ/ बागमती प्रदेशभित्रका प्रादेशिक अस्पतालमा यही माघ २२ गतेदेखि बिहान ८ बजेदेखि बहिरङ्ग सेवा (ओपिडी) सुरु हुने भएको छ । शुक्रबार भक्तपुरमा आयोजित एक कार्यक्रममा प्रदेशका स्वास्थ्यमन्त्री किरण थापाले आगामी २२ गतेदेखि सबै प्रादेशिक अस्पताल बिहान ८ बजेदेखि सञ्चालन हुने जानकारी दिए ।

माघ २२ गतेदेखि पोष्टरको मुखको क्यान्सरविरुद्ध एचपिभी खोप अभियान सञ्चालनसँगै प्रादेशिक अस्पतालको सेवा विस्तार गर्न थालिएको उनले बताए । थापाले संघीय सरकारले देशैभरि १६ लाख किशोरीलाई एचपिभी खोप लगाउन सुरु गरेकाले यो अभियान सफल पार्न सबैलाई आह्वान गरे । उनले प्रदेशभित्रका कतिपया एक सय शैयाका प्रादेशिक अस्पतालले नर्सिङ कलेज सञ्चालन गर्न पाउने नीति प्रदेश सरकारले पारित गरेको जानकारी दिए ।

सरकारले प्रदेशसभामा पेस गरेको स्वास्थ्य ऐन पारित भएसँगै नर्सिङ कलेज सञ्चालन सम्बन्धी नीति कार्यान्वयनमा आएको बताउँदै मन्त्री थापाले तीन सय शैयाको भक्तपुर अस्पतालले आगामी शैक्षिकसत्रदेखि नर्सिङ कलेज सञ्चालन गर्ने तयारी गरिरहेको जानकारी दिए । उनले भने, 'प्रदेशका

सबै जिल्ला अस्पतालमा सेवा विस्तार गर्ने योजनाहनुसार सेवा बिहान ८ बजेदेखि ओपिडी सेवा सञ्चालन हुनेछ । योसँगै बिरामीलाई सहज हुने भएकाले सोहीअनुसार सेवा लिन आउन सबैलाई अनुरोध गर्दछु ।'

मन्त्री थापाका अनुसार प्रदेशद्वारा पारित स्वास्थ्य ऐनमा प्रदेशभित्रका निजी तथा सरकारीमध्ये ५० शैयासम्मका अस्पतालले वर्षमा एकपटकर सोभन्दा माथिका अस्पतालले वर्षमा दुईपटक अनिवार्य रुपमा दुर्गम गाउँमा गएर निःशुल्क स्वास्थ्य शिविर सञ्चालन गर्नुपर्ने व्यवस्था गरेको छ । दुर्गमका नागरिकलाई सहज स्वास्थ्य सेवा दिन र रोग पहिचान गरी उपचार पहुँच बढाउन यो व्यवस्था गरिएको उनले बताए ।

उनले भने, 'प्रत्येक जिल्लाका अस्पतालको अनुगमन मन्त्रालयले गरिरहेको छ । दुर्गमक्षेत्रका नागरिकको अवस्था बुझेर आवश्यक विशेषज्ञ जनशक्ति, प्राविधिक, उपकरणलगायत सामग्री पठाउँदै आएका छौं । दुर्गममा स्वास्थ्य शिविर अभियान सुरु गरेर पालिकामा अभियान लिएर पुग्ने योजना बनाएका छौं ।' बागमतीका स्वास्थ्यमन्त्री थापाले प्रदेशभित्र राजमार्ग केन्द्रित गरेर दुईवटा ट्रमा सेन्टर निर्माण गरिने जानकारी दिए ।

उनका अनुसार राजमार्गमा सवारी दुर्घटनामा परेकालाई तत्काल उपचार गरी मृत्युबाट जोगाउने लक्ष्यका साथ अरनिको राजमार्ग खण्डअन्तर्गत जगाडीस्थित सूर्यविनायक नगर अस्पताललाई ट्रमा सेन्टरका रुपमा विस्तार गर्ने योजना छ । प्रदेश सरकारले आगामी आर्थिक वर्षको नीति तथा कार्यक्रम यसका लागि बजेट विनियोजन गर्नेगरी योजना सार्वजनिक गर्ने उनको भनाइ छ । राजमार्ग लक्षित गर्दै धादिङमा ट्रमा सेन्टर बनाउने तयारी भइरहेको मन्त्री थापाले बताए ।

सम्पूर्ण ब्राण्डका गाडी
एकै ठाउँमा सम्पूर्ण सेवासहित

- कार वास भित्र/बाहिर
- वायरिङ मर्मत
- मेशिनद्वारा A/C मर्मत तथा ग्यास रिफिलिङ
- सेन्सरसम्बन्धी समस्या कम्प्युटरबाट जाँचिने
- डेन्ट, पेन्ट, प्लास्टिक/ग्यास/इलेक्ट्रिक वेल्डिङ
- टायर ब्यालेन्स, पन्चर र फेर्ने काम मेशिनबाट
- हेटौंडामै पहिलो पटक N_2 (Nitrogen) हावा टायरमा भरिने
- इन्जिनसम्बन्धी सबै काम

Himalayan Motors Pvt.Ltd.
हेटौंडा, चौकीटोल,
सम्पर्क नं.: ०५७-५९०३३३

यस पृष्ठमा प्रकाशित साहित्य बाहेकका सामग्रीहरु विभिन्न वेबसाइट, सामाजिक सञ्जाल तथा एजेन्सीहरुबाट साभार गरिएका हुन् ।

facebook twitter Google

विज्ञान/प्रविधि

दक्षिण कोरियाले डीपसीकलाई सोध्ने : व्यक्तिगत विवरण व्यवस्थापन कसरी हुन्छ ?

चिनियाँ स्टार्टअप डीपसीकले यस हप्ता आफ्नो शक्तिशाली नयाँ एआई च्याटबट लन्च गरेपछि दक्षिण कोरियाले कम्पनीलाई प्रयोगकर्ताहरूको व्यक्तिगत जानकारी कसरी व्यवस्थापन गर्छ भनेर सोध्ने सियोलको डाटा नियामक निकायले शुक्रबार बताएको छ ।

यो समाचारले प्रविधि दिग्गजहरूमा गिरावट ल्याएको छ- एनभिडिया सोमबार १७ प्रतिशतले खस्यो र हालका वर्षहरूमा एआईमा लगानी गरिएको स्यौं अरब डलरबारे प्रश्नहरू उठाएको छ ।

'डीपसीकले व्यक्तिगत डाटा कसरी ह्यान्डल गर्छ भन्नेबारे जानकारी प्राप्त गर्न हामीले शुक्रबारदेखि नै लिखित रूपमा अनुरोध पेश गर्ने योजना बनाएका छौं', दक्षिण कोरियाको व्यक्तिगत सूचना संरक्षण आयोगका एक अधिकारीले एएफपीलाई बताए । यद्यपि उनले थप विवरण दिएनन् । अन्य देशले पनि डीपसीकको एआई च्याटबटबारे प्रश्न उठाएका छन् ।

इटालीले यस हप्ता आर१ मोडेलमा अनुसन्धान सुरु गरेको छ र यसलाई इटालियन प्रयोगकर्ताहरूको डाटा प्रशोधन गर्नबाट रोक लगाएको छ । इटालियन डाटा संरक्षण सम्बन्धी जोखिमहरू राम्रोसँग बुझ्न' सोधपुछ गर्ने बताएको छ ।

दक्षिण कोरियाली चिप दिग्गजहरू सामसुङ इलेक्ट्रोनिक्स र एसके हाइनिक्स एआई सर्भरहरूमा प्रयोग हुने उन्नत चिपहरूका प्रमुख आपूर्तिकर्ता हुन् ।

र यदि डाटा इन्टरनेटबाट स्थापित गरिएको हो भने प्रयोगकर्ताहरूलाई उनीहरूको डाटा प्रशोधनबारे कसरी सूचित गरिरहेको छ भनेर सोधिरहेको छ ।

फ्रान्सेली नियामक सिएनआइएलले पनि डीपसीकसँग यसको च्याटबटबारे 'यसको कार्यप्रणाली र डाटा संरक्षणसम्बन्धी जोखिमहरू

डीपसीकको प्रभावबारे चिन्ताले शुक्रबार लामो बिदापछि बजार पुनः खुल्दा सियोलमा स्टकहरूलाई क्षति पुऱ्याएको छ । सामसुङ दुई प्रतिशतभन्दा बढीले घटेको छ भने एसके हाइनिक्स एक बिन्दुमा करिब १२ प्रतिशतसम्म खसेको छ ।

स्वास्थ्य शिक्षा

प्राकृतिक प्रसवको बदला सिजेरियन किन ?

विगत दुई दशकमा नेपाली महिलाको मातृ मृत्युदर निकै घटेको छ । नेपाल सरकार, स्वास्थ्यकर्मी तथा स्वयंसेविकाहरूको सामूहिक पहलमा यो उपलब्धि हासिल भएको हो । तर अझै पनि गर्भावस्थामा उच्च रक्तचापको समस्या, प्रसव लगतै अधिक रक्तस्राव एवं असुरक्षित गर्भपतन नै मातृ मृत्युदरको प्रमुख कारण रहिरहेको छ ।

माथि, उल्लेख गर्न झैं गर्भवती र प्रसूति विषयसँग सम्बन्धित अनेकौं सूचकांकहरूमा निकै सकारात्मक बदलाव आएको छ । तर, पनि शहरी र ग्रामीण भेग तथा सुगम र दुर्गम एवं विकट जिल्लाहरू बीचको भिन्नतामा खासै फरकपना आएको देखिदैन । त्यसो भन्दै गर्दा कतिपय बेला 'बत्ती मुनिको अँध्यारो' भने झैं सहरी क्षेत्रका बासिन्दाहरू नियमित गर्भ जाँच गर्न नजाने, अनियन्त्रित उच्च रक्तचाप एवं मधुमेहको जटिलता लिएर आउने, शिशु उल्टो जन्मिने क्रममा लामो समय टाउको अड्नेका कारण मृत शिशु लिएर आउने, रक्तअल्पताको समस्या लिएर आउने तथा घरमै सुत्केरी गराउने केसहरू छन् ।

यसरी स्त्री तथा प्रसूति रोग अनि प्रजनन् उमेरका धेरै विषय उठाउन लायक भए पनि यस पटक प्रसूति सम्बन्धी केही विषयहरू उठाइएको छ, जो यस प्रकार छन् :

सिजेरियन त्यति सुरक्षित होइन

अचेल नेपाली किशोरी वा महिलाहरूमा क्यारियर बनाएपछि अथवा उच्च शिक्षा हासिल गरेपछि विवाह गर्ने क्रम बढ्दो छ । साथै कम मात्रै बच्चा पाउने गरेका छन् । यसै भएर पछिल्लो तथ्यांक अनुसार नेपालमा पनि प्रजनन् विस्तारै नकारात्मकतर्फ उन्मुख देखिन्छ । विस्तारै नेपालमा पनि अन्य कतिपय विकसित देशमा जस्तै धेरै बच्चा पाउनको लागि प्रोत्साहित थाल्नुपर्ने बेला आउने छ । तर तुलनात्मक रूपमा शिक्षित महिलाहरू माझ सुत्केरीका लागि सिजेरियन नै सुरक्षित छ भन्ने भ्रम छ ।

एउटा फरक प्रसङ्ग राख्छु, आम मानिसलाई बोइलर होइन लोकल भाले वा कालिजको मासु मिठो लाग्छ, त्यांसमा होइन दाउरामा पकाएको खानालाई प्राथमिकता दिन्छ । विशेषतः तरकारी र गेडागुडीहरू अर्गानिक नै खोज्छन् । तर सुत्केरीको मामिलामा प्राकृतिक तवरमा योनीद्वारबाट हुने सुत्केरीको बदला सिजेरियन किन ? खानामा फास्टफुड वा जंकफुड रोजे झैं । अन्य विषयमा के कसो थाहा छैन । तर, सुत्केरीको मामिलामा मिलेसम्म प्राकृतिक तवरले गराउने रोज्नु नै बुद्धिमानी हुन्छ । सिजेरियन अपेसन गर्ने क्रमा डाक्टर मुनि लठ्याउने वा पूरै बेहोस बनाउने एनेस्थेसियाका आफ्नै जटिलता छन् ।

त्यसैगरी व्यक्ति विशेषको जीउडाल र स्वास्थ्य अवस्था अनुसार सिजेरियनको घाउ पाक्ने सम्भावना उत्तिकै हुन्छ । सिजेरियनको केही समयसम्म लठ्याइराख्ने कारण हिंडडुलको कमीमा शिशुलाई तुरुन्तै स्तनपान गराउने कार्यमा दख्खल पुग्ने, सेवाग्राहीको गोडामा र गत जम्मे समस्या तथा पिसाबको संक्रमण हुने सम्भावना निकै हुन्छ प्राकृतिक सुत्केरीको दाँजोमा ।

सिजेरियन अपेसनको क्रममा शिशु डेलिभरी हुँदा नवजात शिशुको फोक्सोबाट पानी निचिने कार्य तुलनात्मक रूपमा खस्केर नवजात शिशुमा श्वास-प्रश्वासमा समस्या आउने तथा नवजात शिशुलाई आईसीयूमा राखेर उपचार गर्नुपर्ने सम्भावना बढी हुन्छ । पछिल्लो समय स्वास्थ्यकर्मीहरूबाट उपल्लो स्तरमा रेफर गर्ने बेलामा सिजेरियनकै आवश्यक पर्ने कुरामा जोड दिएर पठाउँछन् । यस्तो परिस्थितिमा अस्पताल आइपुगेका सेवाग्राही तथा कुरुवाहरूलाई प्राकृतिक तवरबाटै डेलिभरी हुनसक्ने कुरा बुझाउन हम्मेहम्मे हुन्छ ।

यस्तो बलमिच्याईमा कर गरेर प्राकृतिक सुत्केरी प्रयास गर्दागर्दै इमर्जेन्सी तवरमा सिजेरियन गर्नुपऱ्यो वा शिशुलाई आईसीयूमा राख्नुपर्ने अवस्था आयो भने हड्डामा नै हुन्छ । सेवा प्रदायक साथीहरूलाई पनि विस्तारै यस्तो फन्फट किन यहोर्ने भन्ने लाग्न थाल्छ तर यो गलत हो । यसको अलावा निजी स्वास्थ्य संस्थामा सेवा प्रदायकहरूको आर्थिक लाभकै लागि सिजेरियनलाई प्रोत्साहन गर्नु झनै गलत र गैर मान्यता कार्य पनि हो । नीति निर्माता सम्बन्धित सरोकारवाला देखि विश्व स्वास्थ्य संगठन (डब्लुएचओ)ले समेत केवल १५ प्रतिशत मात्र सिजेरियनका लागि सुझाइरहेका बेला नेपालका अधिकतर (विशेषतः निजी क्षेत्रमा) ५० प्रतिशतभन्दा बढी सुत्केरी सिजेरियनबाट भइरहेको छ, हेक्का राखौं ।

गर्भावस्था नर्मल होइन

माथि, उल्लेख गरिसकें, नेपाली महिला एवं किशोरीहरू हिलो विवाह गर्न थालेका छन् । अचेलको जीवनशैली, अस्वस्थकर खानपान, शारीरिक व्यायामको कमी अनि पेशागत तनावका कारण नेपाली महिलाहरूमा मोटोपनका साथै मधुमेह, उच्च रक्तचाप, कोलेस्टेरोल एवं थाइरोइडको समस्या नजानिँदो तवरमा बढ्दो छ । यस्तैमा आफूलाई त यी समस्या हुने सक्दैन, यो त अरूलाई हुने समस्या हुन् भन्ने भ्रम व्याप्त छ । तर यी समस्याहरू नजाँचेसम्म थाहा हुँदैन । त्यसैले, पनि गर्भावस्थामा अनेकथरी रगतजाँच एवं अल्ट्रासाउण्ड गराउने गरेको हुन्छ । नेपालमा अझै पनि गर्भपूर्व स्वास्थ्य परामर्श गर्ने-गराउने चलन त्यति साह्रो छैन । यस विषयलाई त्यति महत्व दिने गरेको छैन । तर, गर्भावस्था खेलाँची गर्ने विषय होइन, कुनै विशेषज्ञको नियमित निगरानीमा रहेर आफ्नो स्वास्थ्य सही अवस्थामा राख्नु बुद्धिमानी हुन्छ ।

छोराछोरी अझै पनि वासोको विषय

'विज्ञानलाई अभिशाप होइन वरदान' नै बनाइराख्न मद्दत गरौं । अहिलेको समयमा अल्ट्रासाउण्डको महतमा निश्चित समयावधि पुगेपछि यौनाङ्ग छुट्याउन सकिन्छ । तर सेवा प्रदायकहरूको अनुचित आर्थिक लोभ र सेवाग्राहीहरूको असामाजिक सोचकै कारण यसको गलत प्रयोग भइरहेको छ । छोरा वा छोरी हुनुमा पुरुष पार्टनरकै महत्वपूर्ण भूमिका हुन्छ, यसलाई अहिलेको शैक्षिक चेतनास्तरमा पनि बखेडाको विषय बनाउनु राम्रो हुन्न । नेपालमा अहिले ज्ञात, अज्ञात तवरमा लैङ्गिक निर्धारण गराई अनुचित गर्भपतन गराउने कार्यहरू भइरहेको छ । तर, गर्भपतन गराउन पाउनु मात्र मानवअधिकारको विषय मात्र हुनुहुन्न ।

वकलेटसरि गर्भपतकको औषधि

पछिल्लो समय सिजेरियन जस्तै डढेलो जस्तै दुइटा विषयहरू फैलिँदो क्रममा छन् । एक, स्कूल कलेजस्तरमा किशोरीहरूमाझ विवाहपूर्व यौनसम्बन्ध कार्य बढ्दो छ भने वैदैशिक रोजगारमा गएका दम्पतीहरूमा गैर वैवाहिक सम्बन्ध पनि बढ्दो छ । यसको परिणामस्वरुप अनिच्छित गर्भ रहने संख्या बढ्दो छ । योसँगै सुरक्षित वा असुरक्षित गर्भपतनको जोखिम पनि ज्यूँका त्यूँ छ । पूर्ण ल्याब परीक्षण र विस्तृत सोधपुछ पछि मात्र विशेष निगरानीमा सेवन गर्नुपर्ने गर्भपतनका औषधिहरू जुनसुकै औषधि पसल वा साधारण स्वास्थ्य संस्थाहरूमा चकलेट सरह खरीद गरी सेवन गर्न पाउनु अर्को विडम्बना हो ।

सरोकारको विषय- निःसन्तान सेवा

केही वर्ष अगाडि सरोगेसीको अन-इथिकल प्राक्टिस पछि सरकारले ब्याप्पै यो सेवा बन्द गराउनु परेको थियो । अहिले विशेषतः काठमाडौं अनि शहरी क्षेत्रमा निःसन्तान सेवा केन्द्र, क्लिनिक तथा अस्पताल फेरि च्याउसरि फैलिँदो छ । निःसन्तान त्यसै पनि भुक्तभोगीहरूका लागि पीडादायक विषय हो नै त्यसमाथि सामाजिक दबाब पनि । यस्तोमा त्यस्तो पीडामा रहेका सेवाग्राहीहरूमै अनइथिकल प्राक्टिस गर्नु अपराध नै मान्न सकिन्छ । भुक्तभोगी सेवाग्राहीहरूको निरन्तर गुनासाहरू छन्- उपचार सेवा नै निकै महँगो छ, घरखेत बेच्नुपर्ने बाध्यता छ ।

त्यसमाथि उही सेवाका लागि सेवाप्रदायक संस्थाहरूबीच उपचार सेवा शुल्कमा आकाश-जमिन फरक छ कि ? एकैचोटि ल्याब जाँचहरू किन पटक पटक दोहोऱ्याउन लगाउँछन् अनि एउटा स्वास्थ्य संस्थाको रिपोर्ट अर्को संस्थाले किन स्वीकार गर्दैनन् । अरू त अरू ब्लड ग्रुप, हालै गरिएका अल्ट्रासाउण्ड अनि डिम्बवाहिनी नली जाँचका रिपोर्टहरू त मान्नुपर्ने नि, तिनीहरू पनि किन दोहोऱ्याउन लगाउँछन् ? अनि अन्टसन्ट ल्याब जाँचहरू किन गराउन लगाउँछन्, हामीलाई (सेवाग्राहीलाई) थाहा हुने कुरा पनि भएन, प्रश्न गर्न पनि मिलेन, गुगलमा एक्सप्लोर गरेर केही जिज्ञासा राखेमा रिसाइहाल्छन् । यस्तोमा भने अनुसार मान्नुको विकल्प हुँदैन ।

सेवाप्रदायकहरूले सफलताको एउटा केसको प्रचार गर्दै गर्दा त्योसँगै अरू कति केसहरू विफल भए पारदर्शी तवरमा जानकारी दिन सक्छन् ? नीति-निर्माता अनि सरोकारवाला, घरैपिच्छे टोलैपिच्छे यसरी यतिबिघ्न निःसन्तान केन्द्रहरू आवश्यक छन् ? सेवाप्रदायकहरूको दखलता अनि विज्ञताको कसले निर्धारण गर्ने, कसले अनुगमन गर्ने ? त्यसो भएर सेवाग्राहीहरूले यतिबिघ्न अन्योलताबीच रहनु भन्दा सेकेण्ड ओपिनियन लिने तथा प्राज्ञिक तवरमा पनि राम्रै संस्थामा गई सेवा लिँदा राम्रो हुन्छ । सेवा प्रदायकहरूले पनि माथि उल्लेख गरेका गुनासोहरु सम्बोधन गर्न आवश्यक देखिन्छ ।

साहित्य

कथा

खाऊ खाऊ सम्धी पैंचे गास

✍ सदानन्द अभागी

आज धेरै दिनको अन्तरालमा बेलुकाको घाम डुब्ने लागेको वेला थियो । भीमा पटाहामा बसेर बेलुकाको खाना बनाउने सोचमा थिइन् । घरको अगाडी अटो आएर अडियो । एउटी बूढी महिला अटोबाट ओर्लिइन र हातमा सानो पोको समाउँदै भीमाको घरतिर बढिन् । भीमाका आँखा त्यतैतिर गए । पहिला त को हो को हो बूढा नजरले ठम्याउन गाह्रै लाग्यो । जति जति सीमा घरको नजिक पुग्न थालिन् उति उति भीमालाई चिन्न गाह्रो परेन बरु उनका आँखा खुसीले रसाए । उनी सीमालाई चिनेपछि हर्षका आँसु बगाउँदै अंकमाल गर्न पुगिन् । दुबै अंगमालमा बाँधिए र दुबैका आँखा बाट आँसु बग्न बाहेक कुनै आवाज निस्केन । भीमाले आफ्ना बाहु अलग्याए सीमालाई घरतिर डोर्याइन् । दुबै बहिनी पटाहामा पुगेपछि एक आपसमा सञ्चो विसञ्चो सोधनीमा लागे । सीमाले भनिन् -"घरमा को छ र म नै हुम, सञ्चै छु ।" सीमाले भीमालाई पनि सोधिनकि यताकत्ती छ भीमाले पनि "भिना र म हो के र ? सञ्चै छन्" भनिन् ।

धेरै वर्षपछि तिमीले बाटो बिराथौ । मैले बाटो बिराउन कहिल्यै जानिन । तिमीलाई मात्र आइनौ भनेर के गर्ने म गएको भए पनि हुन्थ्यो क्या रे ! म कहिल्यै घरबाट बाहिर निस्कन पाएको हैन । बस, म चिया पकाएर ल्याउँछु , भोक लागेको होला ? दुई चार दिन बसौली के रे ?" भन्दै भीमा भित्र प्रवेश गरिन् । केही बेरमा नरनाथ आईपुगे । पटाहामा सालीलाई देखेर निकै खुसी भए । सालीले उठेर अभिवादन गरिन् । भीमाले चिया लिएर आइपुगिन् । सबै सँगै बसेर चिया पिउने काम भए ।

खानपिन भयो । पुसको महिना थियो । नरनाथ खाना खाएपछि विस्तरा तताउन गए । दुबै बहिनी अगेनाको छेउमा बसेर अतितका घटनाक्रमहरू केलाउन थाले । दुबै दिदी बहिनीको उमेर दुई बर्षको अन्तर थियो । भीमा जेठी थिइन् र सीमा काल्ही थिइन् । गाउँको बसो बास थियो । पढ्ने चलन त्यतिबेला थिएन । बाबु पल्टनका लाहुरे थिए र आमाले घरको काम गरेर सासू ससुरालाई सेवा गर्नु र छोराछोरीलाई पालन पोषण गर्नु थियो । निकै कष्ट गरेर आमाले दुई छोरा र दुई छोरीलाई हुर्काइन । भीमाका हजुरबाले नातिनीको गोडाको जल खाएर मर्न पाए स्वर्ग जाने थिएँ भन्दै छोरालाई छुट्टी दिएर छोरीको विवाह गर्न बोलाए । आफूले केटो खोजने काम गरे । केटो पनि टाढा नभएर घरकै नजिकको सोभारामको छोरा नरनाथलाई नातिनी विवाह गरि दिने सोच गरे । भीमाको विवाह आठ वर्षको उमेरमा भयो । नरनाथ पनि ९ वर्षका थिए । विवाह गरेर बनारस गएर पढ्न थाले शास्त्री पास गरेर नेपाल आए । जागिर खाने सोच बनाएन्न उनले कर्मकाण्ड गराउनमा व्यस्त भए । भीमा कहिल्यै एक्लै बस्न परेन ।

भीमाका दुई भाइ छोरा र एक बहिनी छोरी जन्मिए । छोरालाई अंग्रेजी पढाइयो । स्कुलमा मास्टर बने, सरकारी जागिर खाने इच्छ्या कहिल्यै गरेनन् । मास्टरी पेशामा लाग्दा लाग्दै विवाह भयो, डिभीको लागि फारम भरे र डिभी परेपछि सपरिवार अमेरिका तिर लागे । छोरीको विवाह नजिकैको अधिकृतसँग गरिदिए । छोरी पनि सुखी जीवन बिताइ रहेकी छन् हाल नरनाथका बुढा र बुढी मात्र घरमा छन् ।

सीमा बढ्दै गहन आमाकी सहारा बनिन् । बाबुले कान्छी छोरीलाई पल्टनकै लाहुरेसँग विवाह गरिदिने बिचार गरे । आफूलेनै लगेर भर्ना गरिदिएको केटालाई छुट्टिमा लिएर आएर सीमालाई विवाह गरिदिए । उमेरमा दुबैको ठूलो अन्तर थियो । सीमाका सासू ससुराले विवाह मै गयो अब अँगलाबरीकी केटे भगाएर लिएर जाने सल्लाह दिए तर सीमाको श्रीमानले आँट गर्न सकेन । सीमाले सौता बेहोर्न त परेन तर घरकाको बुझर्तान भने निकै भोग्न पर्यो । दिन बित्दै गए । सीमाका पनि दुई भाइ छोरामात्र जन्मिए । दुबै बच्चालाई डेहरादूनमा लगेर पढाइयो । राम्रो अध्ययन गरे ।दुबै राम्रो शिक्षा हासिल गरे एउटा डाक्टर र एउटा इन्जिनियर भएर भरतमै जागिर खान थाले । दिदीबहिनीले आफ्ना आफ्ना वेदना खोल्दा खोल्दै सीमा एकासी रुन थालिन् । भीमा यो देखेर निकै आत्तिदै सोधन थालिन् - "सीमा किन यसरी रोएको ?"

सीमाको अझै जोड जोडले रुन थालिन । भीमाले निकै सम्झाए पछि सीमाले भन्न थालिन -"दिदी तिमी त निकै भाग्य मानी । भिनाजु हुनुहुन्छ । छोरा टाढा भए पनि छोरी त नेपालमै छिन् । मेरो कलकलाउँदो वैंसमा तिम्रा जुवाई भारत पाक युद्धमा मारिए । एउटा छोरो दुई वर्षको थियो । २० दिनको विदा लिएर आएको हुँ, भारतमाथि आक्रमण हुने हल्ला सुनिरहेको हु आजभोली नै आवा आउन सक्छ भन्दै हुनुहुन्थ्यो । साँच्चि नै उहाँ आएको तेस्रो दिन एउटा कागज लिएर आवाको मानिस आईपुग्यो । उहाँले आवा पढ्नुभयो र निधारमा हात लगाएर झोला कस्म त जान पर्यो भन्न थाल्नु भयो । यो नै मेरो उहाँसँगको अन्तिम मिलन थियो । झोला बोक्नु भयो आँखाबाट बलिन्धारा आँसुझार्दै छोरालाई राम्रो स्याहार गर्नु, आफ्नो शरीरको पनि ख्याल गर्नु, बाँचे आउने छु भरे यत्तिकै नै अन्तिम मिलन भयो भन्दै झोला बोकेर उहाँ हिड्न थाल्नु भयो म मूर्छा परें छु र घरका परिवार कस्ले मलाई स्याहार गरो मलाई थाहा भएन । उहाँ गोरखपुरमा गएर हाजिर हुनु भयो ।

दिन बित्दै गए मेरो शरीर पनि डोलिदै गयो । ऋतुदान दिनमात्र उहाँ आउनु भएको रहेछ । समयक्रममा छोरा जन्मो । भारत पाक सीमानामा घमासान युद्ध भयो । ब्हादुरीको साथमा लड्नु भए छ । निकै शत्रु मार्नु भएछ । शत्रुहरूको वेगलाई रोक्न सफल हुनु भए छ तर अन्तिममा आतंककारीले राखेको बम पड्केर उहाँको शरीर छतविछत भएछ । यस वि.वि.सी. रडियो सुन्ने गर्दथे । दिनको भोक पनि थिएन र रातमा निद पनि थिएन । ज्यान सुक्दै गएको थियो । समय भए पछि पेटको शिशु पनि पृथ्वीमा झरो । त्यो शिशु छोरै थियो ।

आज एकाविहानै घरको अगाडी कौवा करायो मन निकै डरायो, दिउसो हुलाकीले साम घागोले बाँधेको पत्र लिएर आयो ।त्यो पत्र देख्ने बित्तिकै म बेहोस भएँछु । निकै बेरपछि होसमा आउँदा गाउँलेहरू जम्मा भएका थिए । सासू पनि बेहोस् हुनुहुन्थ्यो भने ससुराले छोराको किया गर्न तयारी गर्दै हुनुहुन्थ्यो । क्रियाकर्म सकियो । उहाँले पाउने रकमलाई घरकाले बाँडफाँड गर्ने कुरा उठाउन थाले । यो रकम टुहुरा बालको खातामा जान्छ । बैंडफाँड हुँदैन भने पछि म घरबाट अपहेलित हुन थाले । घरबाट निकालियो । एकल नारी दुई दुई ओटा बालक सहयोगी कोही भएनन् ।

गोर्खा फौजले शत्रुहरूलाई रोकेर भारतलाई शत्रुबाट जोगाएको हुँदा मृतकको परिवारलाई केही सहयोग दिने भएकोले गर्दा प्राप्त सहयोगले छोरा हुर्काएँ, पढाएँ , विवाह गरिदिने बिचार गरेको त फेसबुकले लमीको काम गरे छ । छोरालाई विवाहको कुरा राखे । आमा विवाहको लागि त मैले केटी तयार गरेको छु । हजुरलाई जानकारी दिनमात्र बाँकी छ । मैले छोरालाई भने -"बाबु पानी खानु मूलको र विवाह गर्नु कुलकी छोरी भनिन्छ । नानी कस्की छोरी हुन् ? तिमीलाई थाहै होला हतारमा विवाह गर्नु जीवनभरी पछुताउनु हो ।" "आमा हामी दुबैले प्रेम गर्दछौं । हामीले हजुरले स्वीकार गर्नु भएमा विवाह घरबाट गर्ने नत्र भने हामी आफ्ने तरिकाले अदालती विवाह गर्दछौं ।" म विवस भएँ छोराको इच्छा अनुसार नै विवाह भयो । "दिदी जेठो छोरो जस्को मुख हेरेर बाबुलाई भुलेको थिएँ । कान्छोले भन्दा जेठोले मेरा दु:खलाई देखेको थियो ।त्यसो हुँदा उसले निश्चय पनि मेरो पीडालाई बुझ्ने छ बहारी आएपछि अझै सहज होला भन्ने सोचेकी थिएँ । विवाह गरेर परिवारलाई साथमा लिएर जागिरमा लाग्यो ।"

"दिदी समय बित्दै गयो । कान्छोले पनि पढाई सकाएर घरमा आउँदा त एउटी भारतीय मूलकी केटी देहरादुनबाटै लिएर आयो । बहारी हो । टिका लगाइ दिनुोस् भन्यो । म अकमक्क परें । के गर्ने के गर्ने भयो । नबोली टिका लगाई दिएँ । नेपाल घुम्न भनेर आएका रहेछन् । घुमे र भारततिरै लागे । आज म वेसहारा बनेकी छु । छैनन् दुई साइ छोरा छन्, बहारी छन् तर छन् भनुभने तितीहरूसँग म कसरी अट्ने ?

भीमाले सीमालाई भन्छिन् -"समय परिवर्तनशील छ । हाम्रो समय जस्तो कठोर समय छैन । हामीले भोगेका पीडाहरू आजकाले भोग्दैनन् । प्रेम विवाहमा ठाउँ ठाउँमा ठूला ठूला समस्याहरू पनि देखिएका छन् । तिम्रा मनमा भएका रहरहरू अवश्य मरेर गए । तर छोराहरूको चाहनालाई पनि हामीले ख्याल गर्नुपर्छ । तिमी हामी पुरानो परम्परामा अएकाहरूलाई सहजै परिवर्तन हुन फलामको चिउरा चवाउनु सरह हुन्छ । त्यसो हुँदा सीमा तिमीले छोरालाई आफ्नो परम्परा, आमा बाबुप्रति छोराको दायित्व के हो र जातीय संस्कारलाई भुल्न हुँदैन भन्ने पाठ समयमा पढाउन सकिनौ । अझै पनि केही बिग्रेको छैन । अब आजको नयाँ परम्परामा छोरा बुहारीलाई मन पर्ने काम गर्ने पर्छ र तिमी तिम्रा छोरासँग अड्न सक्छेऊ । हो म यो पनि तिमीलाई भन्छु । हाम्रो समाजमा सासू र बुहारीको सुमधुर सम्बन्ध कमै देखिन्छ । त्यसमा पनि तिमीले गहन भूमिका खेल्न सक्नुपर्छ । एउटी नमुना सासू बन्ने प्रयास तिमीले जन्माउनु पर्छ ।" यसरी भीमा र सीमामा लामो गफ भए । भीमाले सीमालाई आफ्नो घरको समस्यालाई पनि लुकाइनन् । उनले जेठी बुहारीलाई बुहारी नभनी छोरी भनेर व्यवहार गरिन् तर पनि सुमधुर सम्बन्ध देखिन धौ धौ भयो । उनले बुहारीलाई थुप्रै कुराहरू दर्शाइन् । तिमीहरूले सासू ससुरालाई सेवा गर्नु भनेको परम लगाउनु हो । त्यो परम तिम्रा छोराबहारीले तिमीलाई तिर्छन् यदि तिमीहरूले सासूससुरासँग नराम्रो काम गर्नु भनेको तिम्रा छोराछोरीलाई सिकाउनु हो । तिमीले जे सिकाउछ्यौ छोराले त्यही सिक्छन्, तिम्रा पनि दुई छोरा छन् । सीमा मैले जेठी बुहारीलाई भनिदिएँ -"खाउ खाउ सम्धी पैंचा गास"

परिवर्तन

✍ संगीत आयाम

भर्खर भर्खरै हो
मान्छेहरू नाच्दै सडकमा
विजयोत्सव मनाउदैछन्
भर्खर भर्खरै त हो
भनिन्छ, मान्छेहरू अब रैतीबाट
मालिक हुन पाएका छन्
जतासुकै हातहरू उठिरहेछन्
जुन हातहरूले सधै सधै
मुक्तिकामी गीत मात्र गाएका छन्
लाग्छ, अब तिनै हातहरूले
तानाशाहका बर्बर कथालाई
निसाना साध्नेछन्
चारैतिर खुट्टाहरू दौडिरहेछन्
जुन खुट्टाहरूले सधै सधै
इतिहास बदल्ने लडाई मात्र लडेका छन्
लाग्छ, ती खुट्टाहरूमा भ्रूवै
जंगली इतिहास घोप्टो परेर
याचना गरिरहेछ
दृश्यहरू उही रहेनन्
परिदृश्यहरू त्यस्तै छैनन् ।
के साच्चै नै अब
देशको पीडाले
निकास पाउने भयो त ?
के वास्तवमै
इतिहासको शैली अब
प्रायोजित नहुने हो त ?
के साच्चै नै अब
समयले आतंकका कथा
लेख्ने नपर्ने भयो त-
के वास्तवमै
शक्तिरूपी तानाशाह बन्ने क्रम
रोकिएकै हो त ?

उसको मृत्युमा

✍ मातृका पोखेल

देशको मानचित्र बोकेर
गाउँगाउँ घुमी हिँड्ने
हामीले सधैं देखिरहेको
हामै चेतनाको बारीमा
घाम रोपेर हिँड्ने एउटा मान्छे
तिमीले देख्यौ कि देखेनौ ?
एउटा असल मान्छे मर्यो
उसको मृत्युमा
शोकले निन्याउरा भए
भूपृहारू
नियाग्रोले सुस्ताए
दलानहरू
अनुहारहरू फुइ उठाएर
बेहोसकै भए
गाउँका गोरेटाहरू
सहयात्रीहरूको एक हुल झैं
शिखर चढेको बेला तिर्खाएर
टुकुचाको नालीमा फालनहालेको
चेतनाको माछापुच्छे
अस्तिमात्र ढल्यो
तिमीले देख्यौ कि देखेनौ ?
एउटा असल मान्छे मर्यो ।
सुनेको थिएँ-
माटोको मायामा जून फल्छ
विवेकको छातीमा घाम उदाउँछ
इतिहास लेख्न सकुञ्जेल
जून मर्दैन
घाम मर्दैन
मैले सुनेकै थिएँ
माटोको माया गर्ने मान्छे
मृत्युपछि पनि बास आउँछ
घाम र जूनमा रूपान्तर भएर
सृजनाको एउटा बोत्री
अस्तिमात्र निभ्यो
तिमीले देख्यौ कि देखेनौ ?
एउटा असल मान्छे मर्यो ।

जुनी काट्नु-एउटा बाजी

✍ पारिजात

धमिरा लागेको धरतीमाथि उभिएर
माटोको माया ?
एउटा व्यङ्ग र अतिशयोक्ति हुन जान्छ
आफैप्रति
म कसरी व्यक्त गर्ने ?
मैले जमिन नखोजेको विरोध
मैले परिभाषा लाउन नखोजेको आमाको माया
जब रमाइलो दिन र रंगीन भ्रमहरुको
जुवा फुकेको थियो
शायद म अनुपस्थित थिएँ
आफ्नै स्थितिहरुमा
आफ्नै समयहरुमा
कि मैले हारमाथि हार खाएको हुनुपर्छ
म बाजी मार्न बिर्सन्छु
म बाजीलाई अर्थ दिन बिर्सन्छु
मान्यता दिन बिर्सन्छु
मलाई नसोध हुन्छ
जुनी काट्नु कुनै गाह्रो काम होइन
अप्ठ्यारो इतिहास होइन ।

सशस्त्रले नयाँ ऐनमा चलखेल कम गर्ने प्रावधान राख्न खोज्यो, गृहले हटाइदियो

काठमाडौं/सशस्त्र प्रहरी बलको नयाँ ऐन निर्माणका लागि विधेयकको खाका ल्याउन प्रस्ताव आएपछि हल्चोकस्थित हेडक्वार्टरले वरिष्ठ प्रहरी अधिकृतहरूको सम्मेलन बोलाएर पटकपटक छलफल गऱ्यो । महानिरीक्षक (आईजीपी) राजु अर्यालले फरक परिस्थितिमा स्थापना भएको २४ वर्षपछि बन्न लागेको नयाँ ऐनमा सिंगो संगठनको अपनत्व होस् भनेर तल्ला दर्जाका कर्मचारीको प्रतिनिधित्व राखेर समेत छलफल चलाए ।

त्यसमा सहमती अधिकांशले संगठनलाई राजनीतिक चलखेलबाट मुक्त हुने किमिसको प्रावधान राख्नुपर्ने र वृत्त, विकासमा वैज्ञानिक मूल्यांकन प्रणाली हुनुपर्ने मत राखे । अधिकांश छलफलमा तल्ला दर्जाका अधिकृतहरूको चासो १६ वर्ष पेन्सन अवधिमा थियो भने उच्च तहका अधिकृतहरूले मूल्यांकन प्रणालीलाई प्राथमिकता दिए ।

सशस्त्र प्रहरीका एक उच्च अधिकृतका अनुसार, पटकपटक भएको यस्तो छलफलपछि आईजीपी बहुवाको अन्तिम समयसम्म हुने अन्यौलता चिर्न प्रस्तावित ऐनको खाकामा आईजीपी अवकाश हुनु १५ दिनअघि बिदा बस्नुपर्ने प्रावधान राखियो । र, यसरी बिदा बस्नुभन्दा १५ दिनअघि नै आईजीपीमा बहुवाका लागि सिफारिस गर्नुपर्ने उल्लेख गरेर सशस्त्र प्रहरीले प्रस्तावित ऐनको खाका मन्त्रालयमा पठायो ।

यो मस्यौदा बनाउने क्रममा छलफलका लागि एकपटक सशस्त्र प्रहरी बलको प्रधान कार्यालयमा गृहमन्त्री रमेश लेखक आफैं पुगेका थिए । तर, गृहमन्त्री लेखक स्वयम्को उपस्थितिमा भएको छलफलपछि मन्त्रालयमा पठाएको खाका संसदमा दर्ता हुँदा महत्त्वपूर्ण प्रावधानहरूमा फेरि केरमेट भयो । संसद्मा दर्ता विधेयकमा अहिले अवकाशमा जानुअघि बिदा बस्ने प्रावधान नै छैन भने बहुवाबारे पनि 'सामान्यतः बहालवाला सशस्त्र प्रहरी महानिरीक्षक अवकाश हुनु अगावै' गर्ने मात्र भनिएको छ ।

जबकि, सशस्त्र प्रहरी बलका अधिकृतहरूले नेपाली सेनामा झैं संगठन प्रमुख एक महिना अघि नै बिदा बस्ने प्रावधान राख्नुपर्ने प्रस्ताव राखेका थिए । मन्त्रालयकै अधिकारीहरूको सुझाव अनुसार, १५ दिन अघि बिदा बस्नुपर्ने प्रावधान राखिएको थियो । 'सामान्यतः अगावै मात्र भनेपछि फेरि पहिले जस्तै हुने भइहाल्यो', सशस्त्र प्रहरीका एक उच्च अधिकृतले टिप्पणी गरे, 'यसले गृह मन्त्रालय नै वृत्त, विकासको कुरालाई अग्रिम निर्क्योल गरेर चलखेलको वातावरण कम गर्न चाहँदैन भन्ने देखाउँछ ।'

सशस्त्र प्रहरी बलका अवकाशप्राप्त प्रहरी अतिरिक्त महानिरीक्षक (एआईजी) सुबोध अधिकारीका अनुसार, पहिल्यै बिदा बस्ने र सिफारिस गर्ने प्रावधान राखिएको भए राम्रो सन्देश जान्थ्यो । 'नेतृत्व हस्तान्तरण प्रक्रिया पहिल्यै क्लीयर हुँदा संगठनमा राम्रो सन्देश जान्थ्यो, नेतृत्व गर्नेले पनि पहिल्यैबाट तयारी गर्न पाउँथ्यो', उनले भने, 'खासमा २०१६ सालको परिवर्तन अघि प्रहरीमा पनि एक महिना अघि बिदा बस्ने चलन थियो ।'

पछि आईजीपीलाई राजनीतिक नेतृत्वले अन्तिम समयसम्म म्याद थप गर्ने लोभ देखाउन थाल्दा यो परम्परा हटेको थियो । सशस्त्र प्रहरीका अधिकृतहरूको अर्को गुनासो आईजीपी बहुवाका लागि लिनुपर्ने आधारहरूमध्ये 'ज्येष्ठता'लाई तेस्रो नम्बर राखिएकोप्रति छ ।

गृह मन्त्रालयका अधिकारीहरूको समेत उपस्थितिमा भएको छलफलपछि तय भएको मस्यौदामा बहुवाका लागि 'ज्येष्ठता, कार्यकुशलता, कार्यक्षमता, उत्तर दायित्व बहन गर्न सक्ने क्षमता, नेतृत्व प्रदान गर्न कुशलता तथा आफूभन्दा मुनिको सशस्त्र प्रहरी कर्मचारीलाई प्रोत्साहन र परिचालन गर्न सक्ने सामर्थ्य'लाई आधार मान्नुपर्ने भनिएको थियो । तर, खाकामा पहिलो नम्बरमा रहेको ज्येष्ठतालाई विधेयक दर्ता हुँदा तेस्रो नम्बरमा पुऱ्याइएको छ । विगतमा आईजीपी बहुवामा ज्येष्ठतालाई ध्यान नदिएको भन्दै अदालतसम्म मुद्दा पुगेको इतिहास छ ।

सरकारले १८ वैशाख २०७९ मा नेपाल प्रहरीको आईजीपीमा धिरजप्रताप सिंहलाई बहुवा गरेपछि सिनियर एआईजी विश्वराज पोखरेलले सर्वोच्च अदालतमा रिट निवेदन दिएका थिए । पोखरेलले आफू सिंहभन्दा १६ महिना सिनियर एआईजी भएको भन्दै मन्त्रिपरिषद्को नियुक्ति बदर गर्न रिटमा माग गरेका थिए । भलै पछि उनको रिट निवेदन खारेज भयो ।

'सम्भावित यस्ता विवादबारे सोचेर आफू अनुकूल व्यक्तिलाई अगाडि ल्याउन गृह मन्त्रालयले ज्येष्ठतालाई पछाडितिर धकेलिदिएको हुनसक्छ', सशस्त्र प्रहरीका एक अधिकृतले टिप्पणी गरे, 'अगाडि भएका कार्यकुशलता, कार्यक्षमता भन्ने विषयको वैज्ञानिक र वस्तुगत मूल्यांकन हुने सम्भैन, यसले सरकारलाई क्षमताका आधारमा नभइ जोसुकैलाई अगाडि ल्याउने ठाउँ दिएको छ ।'

सशस्त्र प्रहरीसँगै नेपाली प्रहरीको प्रस्तावित ऐनको विधेयकमा पनि ज्येष्ठतालाई पछाडि सारिएको छ । सशस्त्र प्रहरीका अधिकृतहरूका अनुसार, ऐनमार्फत संगठनमा चलखेल हुने स्थितिलाई हटाउने किमिसका प्रावधानहरू ल्याउनुपर्नेमा बरु झन् अस्थिरता निम्त्याउने प्रयास गर्न खोजिएका छन् । सशस्त्र प्रहरीका अधिकृतहरूले आईजीपी बहुवालाई विवादरहित, पारदर्शी र वैज्ञानिक बनाउन लोक सेवाको अध्यक्षतामा सिफारिस समिति राख्ने प्रावधान प्रस्ताव गरेका थिए । तर, लोक सेवा आयोगलाई संलग्न गराउने सिफारिसमा राजनीतिक नेतृत्व तयार भएन ।

'पछि मन्त्रालयबाट सचिवको नेतृत्वमा सिफारिस समिति रहने प्रावधान कायम भयो, यो विषयमा लोक सेवा आयोगले लिखित असहमति नै राख्यो', ती अधिकृतले भने, 'गृह मन्त्रालयले पटकपटकका छलफल, संवैधानिक निकायका राय सबैलाई थाँती राखेर आफ्नै सुर गऱ्यो ।'

सरुवा बढुवा प्रणाली वैज्ञानिक नहुँदा सुरक्षा अंगका अधिकृतहरू वृत्त, विकासका लागि संगठन प्रमुख नभइ, राजनीतिक नेतृत्वको शरणमा पुग्ने गरेका छन् । यसलाई हटाउन करियरलाई अनुमान योग्य बनाउनुपर्ने अधिकृतहरूको भनाइ छ । तर, गृह मन्त्रालयले व्यापक छलफलपछि सुधारको अनुमानसहित तयार बुँदाहरूमा केरमेट गरिदिएको भन्दै सशस्त्र प्रहरीका अधिकृतहरूले असन्तुष्टि जनाइरहेका छन् । एक अधिकृत भन्छन्, 'हुन त प्रतिनिधिसभा, विषयगत समिति लगायतमा यी विषयमा थप छलफल होलान्, तर जसरी प्रावधानहरू फेरिए यसले संगठन सुधारमा राजनीतिक नेतृत्व नै तयार छैन कि भन्ने सन्देश गएको छ ।'

सशस्त्र प्रहरीका एक अधिकृतका अनुसार, हेडक्वार्टरबाट गृह मन्त्रालयमा गएको प्रस्तावमा संगठनका प्रमुख आईजीपीको अवकाशका लागि पदावधि ४ बाट ३ वर्षमा घटाइएको थियो । सशस्त्र प्रहरी अतिरिक्त महानिरीक्षक (एआईजी) को चार र सशस्त्र प्रहरी नायब महानिरीक्षक (डीआईजी) को पाँच वर्ष राखिएको थियो ।

तर, गृह मन्त्रालयले एआईजीको पदावधिलाई पनि चार बाट हटाएर आईजीपी सरह तीन वर्षमा सीमित गरिदिएको छ । यसपछि सशस्त्र प्रहरीका अधिकृतहरूले असन्तुष्टि जनाइरहेका छन् । उनीहरूको भनाइमा, एआईजी र आईजीपीको पदावधि समान राख्दा पछि गएर नेतृत्व छान्ने बेला शीर्ष तहमा रिक्तता आउन सक्छ ।

'सामान्यतः डीआईजी हुँदै एआईजीका रूपमा काम गरेर अनुभव लिएका अधिकृत आईजीपी बन्नुपर्ने हो, तर आईजीपी र एआईजीसँगै अवकाशमा जाने परिस्थिति बन्दा लिडरसिपमा भ्याकुम आउँछ', ती अधिकृतले भने, 'कुनै बेला प्रहरी नायब महानिरीक्षक (डीआईजी) बाट संगठनको नेतृत्व छान्नुपर्ने स्थिति पनि आउन सक्छ ।'

सशस्त्र प्रहरीका पूर्वएआईजी अधिकारी पनि आईजीपी र एआईजीको पदावधि समान राख्नु गलत हुनजाने बताउँछन् । उनी भन्छन्, 'तत्काल यसको असर नदेखिएला, तर यो कालन्तरसम्म प्रभाव पर्ने कुरा हो ।'

माओवादी द्वन्द्व चर्किँदै गएको अवस्थामा तत्कालीन दरबारले सेना परिचालनमा सहयोग नगरेपछि सेना र नेपाल प्रहरीबाट केही जनशक्ति ल्याएर २०५७ सालमा सशस्त्र प्रहरी बलको गठन भएको थियो । त्यसबेला बलको उद्देश्य माओवादी द्वन्द्वलाई निस्तेज पार्नु थियो । माओवादी शान्ति प्रक्रियामा आएपछि सरकारले सशस्त्र प्रहरीलाई सीमा सुरक्षा, दंगा नियन्त्रण, दैवी प्रकोपमा उद्दारसँगै राजश्व, भन्सार तथा रेलवे सुरक्षामा खटाउँदै आएको छ ।

(स्रोत: अनलाइनखबर)

'रंगी' ट्रेलरमा छोरीका लागि बाबुले गरेको संघर्षको कथा

काठमाडौं/अभिनेता सलोन बस्नेतको निर्माण तथा मुख्य भूमिका रहेको फिल्म 'रंगी'को ट्रेलर सार्वजनिक गरिएको छ ।

शुक्रबार काठमाडौंमा एक कार्यक्रमका बीच सार्वजनिक तीन मिनेट लामो ट्रेलरले बाबु–छोरीको भावनात्मक सम्बन्धको कथालाई पेस गरेको छ । छोरीका लागि एकल बाबुले गरेको दुःख, मिहिनेत, त्याग र समर्पणलाई फिल्मले मुख्य कथावस्तु बनाएको सार्वजनिक ट्रेलर बाट प्रष्ट हुन्छ ।

सलोन बाबुको भूमिकामा छन् । छोरीका लागि देखेको सपना पूरा गर्न उनी 'फूड डेलिभरी ब्वाई' बनेका छन् । उनको छोरीको भूमिकामा बाल कलाकार आयुषी ढकाल छिन् । ट्रेलरको अन्त्यमा उनले स्टेजबाट आफ्नो बाबुप्रति दर्शाएको प्रेमपूर्ण संवाद मर्मस्पर्शी छ । आयुषीलाई सिटी स्क्यान मेसिनमा राखेको एउटा दृश्यले उनी गम्भीर रोगसँग जुझिरहेको बुझ्न सकिन्छ ।

आगामी फागुन २ गतेबाट प्रदर्शनमा आउने तयारीमा रहेको फिल्ममा सलोन र आयुषीसहित दीलिप रायमाझी, नम्रता श्रेष्ठ, उत्तम केसी, सुमिन गुरुङ, विशाल पहारी, सुशान्त काजी श्रेष्ठ, साहिल खान, जयन्ती रायमाझी, आइस्मा केसी लगायतको अभिनय छ । पूर्व मिस नेपाल समेत रहेकी नम्रताको यो डेब्यू फिल्म हो । ट्रेलरमा उनले पनि स्थान पाएकी छन् ।

धुपै फिल्ममा सहायक निर्देशकको रूपमा काम गरेका सुरेश न्यौपानेको डेब्यू निर्देशनमा तयार भएको फिल्मको निर्माणमा सक्षम सुवेदी, करिश्मा केसी र अनिश गौतम छन् । यसमा सुमन गजमेरको लेखन, दुर्गेश थापा, आमेश भण्डारी र भीम बिसीको संगीत, सौरभ लामाको छायांकन, बन्दे प्रसादको सम्पादन, रोमन बज्राचार्यको ब्याकग्राउन्ड स्कोर र मुकेश शाहको साउन्ड डिजाइन छ ।

'कर्मा'ले चैत २९ नछाड्ने, पहिलो चरणको छायांकनमै लाग्यो ४६ दिन

काठमाडौं/आगामी नयाँ वर्षलाई लक्षित गरेर चैत २९ गते तीनवटा फिल्म प्रदर्शनमा आउने तयारीमा छन् । ती फिल्महरु हुन्, 'कर्मा', 'नरसिंहा अवतार' र 'पिताम्बर' । रोचक कुरा के छ भने यी तीनवटै फिल्म एक्सन प्रधान हुन् । एउटै मितिमा एउटै जनराका तीनवटा फिल्म आउनु व्यापारिक हिसाबले जोखिमपूर्ण मानिन्छ । तर, तीनवटै फिल्मका निर्माताहरु घोषित मितिबाट पछाडि हट्ने पक्षमा छैनन् ।

तीन फिल्ममध्ये 'पिताम्बर'को छायांकन पूरा भएर टिजर पनि आइसकेको छ । 'नर सिंहा'को केही प्रतिशत छायांकन मात्र बाँकी छ । 'कर्मा'को भने भर्खर पहिलो चरणको छायांकन सकिएको छ । यसैले यही फिल्म सर्न सक्ने सम्भावनाबारे चर्चा भइरहेको छ । तर, निर्देशक सौरभ चौधरीले फिल्म चैत २९ गतेबाट नै प्रदर्शनमा आउने दाबी गरेका छन् ।

उनले भने, 'गलत हल्लामा नलाग्न दर्शकलाई अनुरोध गर्दछौं । काम तीव्र गतिमा अगाडि बढिरहेको छ र हामी निर्धारित मितिमा नै फिल्म रिलिज गर्नेछौं ।' उनका अनुसार दाङको विभिन्न क्षेत्रमा ४६ दिन लगाएर फिल्मको पहिलो चरणको छायांकन सकिएको छ भने अब दुई सातामा सम्पूर्ण छायांकन पूरा हुनेछ । फिल्मको दोस्रो चरणको छायांकन भने काठमाडौंमा गरिनेछ ।

'कर्मा'को छायांकन चरणमै सम्पादन र भिएफएक्सको काम समेत भइरहेको छ । चौधरीले भने, 'हामीले दिनरात नभनी अत्यन्तै मेहनतका साथ काम गरिरहेका छौं । अबको दुई सातामा छायांकन पूरा हुनेछ, त्यसपछि पोस्ट-प्रोडक्सनको कामलाई तीव्रता दिनेछौं ।' अहिलेसम्म कुनै बाधा-अड्चन बिना छायांकन सम्पन्न भइरहेको छ ।'

यो फिल्ममा विपिन कार्की, उपासना सिंह ठकुरी, मुकुन भुसाल, दिव्य देव मुख्य भूमिकामा छन् । विपिन र उपासनाको यो पहिलो सहकार्य हो । यसमा विपिन पहिलो पटक एक्सन अवतारमा देखिँदैछन् । मुकुन भने भिलेनको भूमिकामा छन् । उनले पहिलोपटक नकारात्मक भूमिकामा काम गरेका हुन् । बसन्त लम्सालको लगानी र हेको फिल्मको स्क्रिप्ट निर्देशक चौधरी स्वयंले लेखेका हुन् ।

पौने चार अर्ब नक्कली नाफा प्रोभिजनिङ गर्न नेफ्स्कुनलाई विभागको निर्देशन

काठमाडौं/खराब कर्जा बापत प्रोभिजनिङ गर्नुपर्ने पौने चार अर्ब रुपैयाँ नाफामा देखाएको नेपाल बचत तथा ऋण सहकारीहरूको केन्द्रीय संघ (नेफ्स्कुन) लाई तत्काल त्यो गल्ती सच्याउन सहकारी विभागले निर्देशन दिएको छ ।

नेफ्स्कुनले पर्याप्त प्रोभिजनिङ नगरी नक्कली नाफा देखाएर लाभांश बाँड्ने निर्णय साधारण सभाबाट गरेको विषयमा संचारकर्मीले समाचार प्रकाशित गरेको थियो । त्यसपछि सहकारी विभागले नेफ्स्कुनलाई पत्र लेखी त्यसरी लाभांश वितरण नगर्न निर्देशन दिएको सहकारी विभागका प्रवक्ता रघुनाथ महतले जानकारी दिए ।

'नेफ्स्कुनले प्रोभिजनिङ गर्नुपर्ने ३ अर्ब ६५ करोड ७१ लाख रुपैयाँ प्रोभिजनिङ नगरेको भनेर लेखापरीक्षकले नै विपरीत राय दिएको रहेछ, वित्तीय सहकारीहरूको पनि केन्द्रीय संघले नै त्यति हदसम्मको अनुत्तरदायी हुन मिल्दैन भनेर विभागले पर्याप्त प्रोभिजनिङ गर्न भनेर निर्देशन दिएको छ,' प्रवक्ता महतले भने । नेफ्स्कुनले अघिल्लो आर्थिक वर्ष २०७९/८० मा पनि खराब कर्जाबापत गर्नुपर्नेभन्दा साढे ५ अर्ब रुपैयाँ कम प्रोभिजनिङ गरी नाफामा लेखांकन गरेको थियो ।

त्यसबेला पनि खराब कर्जाबापत प्रोभिजनिङ गर्नुपर्ने अबौं रुपैयाँलाई नाफामा देखाएको भन्दै लेखापरीक्षकले वित्तीय विवरणमै विपरीत राय (एडभर्स अपिनियन) दिएका थिए । सहकारी विभागले समेत त्यस्तो कार्य सच्याउन निर्देशन दिएको थियो । तर, बचत ऋण सहकारीको नियामकीय भूमिका समेत पाएको केन्द्रीय संघ नेफ्स्कुनले त्यसमा सुधार गर्नुको साटो त्यही गल्ती गत आवमा पनि गरेको हो । त्यसरी प्रोभिजनिङ गर्नुपर्ने रकमबाट कागजी नाफा देखाएर नेफ्स्कुनले सेयर धनीलाई लाभांश बाँड्न साधारण सभाबाट पारित पनि गरेको थियो । पर्याप्त कर्जा नोक्सानी व्यवस्था नगरी मुनाफा देखाएर सेयर लाभांश कोषमा रकम छुट्याउने कार्य सहकारी विभागले जारी गरेको सहकारी संघसंस्था सुशासन प्रवर्द्धनका लागि एकीकृत निर्देशन २०७९ विपरीत रहेको छ ।

विभागले जारी गरेको उक्त निर्देशनको २० नम्बर बुँदामा तोकिएअनुसार कर्जा नोक्सानी व्यवस्था नगरी सेयर लाभांश वितरण गरेमा वितरण गरेको त्यस्तो रकम सञ्चालक समितिबाट उठाउने व्यवस्था छ । साधारण सभाबाट लाभांश पारित भएको भए पनि आफूहरूले सेयरधनीलाई वितरण गरी नसकेकोले सञ्चालक समितिबाट उठाउनुपर्ने अवस्था नरहेको नेफ्स्कुनका अध्यक्ष चन्द्र ढकालले बताए ।

'यसबारेमा समाचार आएपछि आवश्यक निर्देशनका लागि भन्दै हामी नै सहकारी विभाग गएका हौं, उहाँहरूले बाँड्न मिल्दैन भनेपछि हामीले सेयरधनीलाई वितरण गरेका छैनौं,' ढकालले दाबी गरे । लाभांश नपाउँदा आफ्नो सञ्चालनमै समस्या भएको सेयरधनीको मागका कारण लाभांश बाँड्ने निर्णय गरेको उनले बताए । 'सेयरधनीको मनोबल पनि उकास्नुपर्ने थियो । यस विषयमा अडिटरलाई सोधेका थियौं, उहाँले पनि प्रोभिजनिङ चाहिँ गर्नुपर्ने तर लाभांश वितरण गर्न रोक्ने कानूनी व्यवस्था नभएको भनेपछि त्यो पारित भएको हो,' ढकालले दाबी गरे ।

सहकारी संघ तथा प्रारम्भिक संस्थाले तोकिए बमोजिम असल ऋणमा १ प्रतिशत, १२ महिनासम्म भाखा नाघेको ऋणमा कुल ऋणको ३५ र १२ महिनाभन्दा बढी भाखा नाघेको ऋणमा १०० प्रतिशत ऋण हानी व्यवस्था (लोनलस प्रोभिजनिङ) गर्नुपर्ने सहकारी विभागको निर्देशनमा उल्लेख छ । उल्लिखित व्यवस्था नगरी सेयर लाभांश वितरण गरेमा यसरी वितरण गरिएको लाभांश सञ्चालक समिति र व्यवस्थापकबाट दामासाहीले असुल उपर गरिने पनि निर्देशनमा छ ।

तर, कुल पुँजीकोष २ अर्ब २६ करोड ६३ लाख रुपैयाँ रहेको संघको कर्जा नोक्सानी व्यवस्था नै ३ अर्ब ६५ करोड ७१ लाख रुपैयाँ अपुग भएको भन्दै बाह्रथ लेखा परीक्षकले लेखापरीक्षण प्रतिवेदनमा विपरीत राय (एडभर्स अपिनियन) दिएको छ । ४ अर्ब १७ करोड १० लाख ९० हजार कुल कर्जा नोक्सानी व्यवस्था आवश्यक भए पनि संघले हालसम्म जम्मा ५१ करोड ४० लाख १९ हजार मात्रै कर्जा नोक्सानी व्यवस्था गरेको भन्दै लेखापरीक्षकले विपरीत राय लेखेको हो । संघले नपुग भएको ३ अर्ब ६५ करोड ७) लाख ७१ हजार कर्जा नोक्सानी व्यवस्था गर्दा संघको सम्पत्तिमा त्यसको असर देखिने लेखापरीक्षण प्रतिवेदनमा उल्लेख छ । संस्थाको पुँजीकोष हाल २ अर्ब २६ करोडको छ । लेखा परीक्षकले उल्लेख गरेअनुसार ३ अर्ब ६५ करोड ७० लाख रुपैयाँ घटाउँदा पुँजीकोष नै १ अर्ब ४० करोडले माइनसमा रहेको अवस्था छ । यसरी करिब डेढ अर्बले पुँजीकोष ऋणात्मक हुनु भनेको संस्था धरासायी हुने अवस्थामा रहेको बुझिने एक चार्टर्ड एकाउन्टेन्टले संचारकर्मीलाई बताए ।

गत वर्ष नै लेखा परीक्षकले संघको वित्तीय अवस्था जोखिमपूर्ण रहेको देखाएपछि नेपाल राष्ट्र बैंकबाट विज्ञ जनशक्ति समेत मगाएर सहकारी विभागले संघको अनुगमन गरेको थियो । अनुगमनको क्रममा पर्याप्त कर्जा नोक्सानी व्यवस्था नभएको वाह्रथ लेखा परीक्षकको प्रतिवेदन समेतको आधारमा संघमा वित्तीय रुपमा समस्यामा रहेको निष्कर्ष निकालेको थियो । सोही अनुगमन प्रतिवेदनको आधारमा सहकारी विभागले कर्जा नोक्सानी व्यवस्था पर्याप्त गर्नुपर्ने निर्देशनसहित ६ महिनाको समय दिएर सुधार गर्न निर्देशन दिएको थियो ।

(स्रोत: अनलाइनखबर)

'परालको आगो'मा सुहानाको श्रीमान् बन्दै खगेन्द्र !

काठमाडौं/लोककथाका प्रणेता मानिने गुरुप्रसाद मैनालीको चर्चित कथासंग्रह 'नासो'मा संग्रहित 'परालको आगो' कथामा आधारित भएर बन्न लागेको फिल्ममा कलाकारको 'लाइनअप' रोचक बनिरहेको छ । यसमा अभिनेत्री सुहाना थापा मुख्य भूमिकामा निश्चित भइसकेकी छन् । धरैलाई उनको जोडीको रुपमा को देखिएला भन्ने चासो बढेको थियो । अब उनको जोडीको पनि लगभग टुंगो लागेको छ ।

निकट क्षेत्रले संचारकर्मीलाई दिएको जानकारी अनुसार फिल्ममा सुहानाको जोडी अभिनेता खगेन्द्र लामिछानेसँग बाँधिने भएको छ । खगेन्द्रसँग निर्माताको मौखिक सहमति भइसकेको छ । यतिबेला उनी भारतको उत्तर प्रदेशस्थित प्रयागराजमा चलिरहेको महाकुम्भ मेलामा सहभागी हुन गएकाले त्यहाँबाट फर्किएपछि कागजी सम्झौताको तयारी गरिएको छ ।

'परालको आगो' श्रीमान्-श्रीमती चामे र गौंथलीको कथा हो । यसमा दुई पात्रको झैंझगडालाई परालको आगोको संज्ञा दिइएको छ । परालको आगोझैं श्रीमान्-श्रीमतीको झगडा पनि क्षणिक र अस्थायी हुन्छ भन्ने कथाको मूल भाव हो । फिल्ममा सुहाना गौंथली र खगेन्द्र चामेको भूमिकामा प्रस्तुत हुनेछन् । अर्थात् श्रीमान्-श्रीमती बनेर अभिनय गर्नेछन् ।

लक्ष्मण सुनारको निर्देशनमा बन्न लागेको फिल्ममा सुशील पोखरेलको लगानी रहनेछ । आगामी दशैंमा रिलिजको तयारी गरिएको फिल्ममा सुशील देवकोटाको लेखन छ । करिब ४५ वर्षअघि 'परालको आगो' कथामा निर्देशक प्रताप सुब्बाले पनि फिल्म निर्माण गरेका थिए ।

यसपटक भने लोकेसन, प्रस्तुतिकरण तथा पटकथालाई फरक किसिमले प्रस्तुत गरिने निर्माता पोखरेलको भनाइ छ ।

के तपाई फोटो कपी प्रिन्टर मेसिन किन्दै हुनुहुन्छ ?

Brother, Canon, HP, Sharp Ricoh, Epson, Kyocera, Lexmark

टोनर रिफिलिङ, प्रिन्टर, कम्प्युटर, फोटोकपी लगायतको सर्भिस छिटो छरितो र भरपर्दो रुपमा गर्नुभई ढुक्क हुनुहोस् ।

Printer Shop

The complete office solution
Contact No. 9845292140,
057-527041, Schoolroad,
Hetauda-4
tonerhouse_htd@yahoo.com

सर्वोत्तम संचिती बचतको छैठौं स्थापना दिवस

साझाकुरा संवाददाता

हेटौंडा, १८ माघ/ सर्वोतमसंचिती बचत तथा ऋण सहकारी संस्थाले छैठौं स्थापना दिवस मनाएको छ । हेटौंडा उपमहानगर पालिका-८ स्थित कमानेमा रहेको सहकारीले शुक्रबार एक कार्यक्रमको आयोजना गरी आफ्नो स्थापना दिवस मनाएको हो ।

कार्यक्रम संस्थाका अध्यक्ष रामबहादुर बस्नेतको सभाध्यक्षता एवम् बागमती प्रदेशका सहकारी तथा गरिबी निवारण मन्त्री मधुकुमार श्रेष्ठको प्रमुख आतिथ्यतामा भएको हो । मन्त्री श्रेष्ठले सहकारी स्थापनाको शुभकामना दिँदै सहकारी विकासको लागि आफूले र प्रदेश सरकारको तर्फबाट सक्दो सहयोग गर्ने प्रतिबद्धता जनाए । उनले पछिल्लो समयमा सहकारीको नाममा विकृति फैलिरहेको भन्दै केही सहकारीको कारणले गर्दा राम्रो काम गरिरहने सहकारी मर्कामा परेकोमा दु:ख व्यक्त गरे ।

कार्यक्रममा हेटौंडा उपमहानगरका उपप्रमुख राजेश बानियाँ, वडा नम्वर ८ का वडाध्यक्ष रामकृष्ण थापा, ७ नम्वर वडाध्यक्ष दामोदर गौतम, जिल्ला बचत तथा ऋण सहकारी संघका सदस्य हिमाल पौडेल, जिल्ला बहुउद्देश्यीय सहकारी संघका अध्यक्ष रामहरि न्यौपाने, राष्ट्रिय सहकारी बैंकका प्रमुख रामेश्वर अर्याललगायत विभिन्न सहकारीका अध्यक्षहरु, संस्थाका सल्लाहकारको आतिथ्यता रहेको थियो ।

सहकारीले स्थापना दिवसको अवसरमा विभिन्न विधामा शेयरसदस्यलाई सम्मान गरेको छ । सहकारीले सक्रिय समूहतर्फ सक्रिय सर्वोत्तम समूह, अधिक बचत गर्ने समूहतर्फ भावना सर्वोत्तम समूह, धेरै अनुदान प्राप्त गर्ने समूहतर्फ कालिका सर्वोत्तम समूह, अनुशासित समूहतर्फ रानीदरवार सर्वोत्तम समूहलाई सम्मान गरेको हो । त्यस्तै, अधिक मासिक बचततर्फ कृष्णबहादुर भुर्तेल, अधिक बालबचततर्फ साम्भवी श्रेष्ठ, अधिक आवधिक राधिका पौडेल र लक्ष्मण विष्ट, अधिक शेयर खरिदतर्फ अमृत लामिछाने जेष्ठ सदस्यतर्फ वेदप्रसाद दुलाल, असल ऋणीतर्फ सन्तमाया गोले, विद्यार्थीतर्फ एन्जिला थापालाई सम्मान गरिएको थियो ।

यसैगरी, सहकारीले लामो समयदेखि सेवारत कर्मचारी लक्ष्मी ढुंगाना, शर्मिला मोक्तान र लक्ष्मी सिंखडा, संस्थामा सेवागरी योगदान दिने कर्मचारीलाई विदाईतर्फ अविनाथ मल्ल, वेदबहादुर दनै र रवि सुवेदीलाई विदाई सम्मान गरिएको थियो ।

छ महिनामा यातायात राजश्व २९ करोड

साझाकुरा संवाददाता

हेटौंडा, १८ माघ/ यातायात व्यवस्था कार्यालय हेटौंडाले चालु आर्थिक २०८१/८२ को ६ महिनाअवधिमा २९ करोड १ लाख रुपैयाँ भन्दा बढी राजस्व संकलन गरेको छ ।

नयाँ सवारी दर्ता, नवीकरण तथा सवारीचालक अनुमति पत्र वितरण, नबीकरणलगायतबाट चालु आव २०८१/८२ को साउनदेखि पुस महिनासम्ममा कार्यालयले २९ करोड १ लाख ७५ हजार ६५१ रुपैयाँ राजस्व संकलन भएको कार्यालय प्रमुख प्रवीण श्रेष्ठले जानकारी दिए । कार्यालयप्रमुख श्रेष्ठका अनुसार चालु आवको छ महिनामा सवारीचालक अनुमतिपत्र बितरणबाट १७ करोड ३८ लाख २१ हजार १४९ रुपैयाँ, सवारी कर बाट ४ करोड ५३ लाख ६८ हजार ३३१ रुपैयाँ, यातायात क्षेत्रको आम्दानीबाट ४ करोड ५६ लाख ७० हजार ८११ रुपैयाँ, संघीयतातर्फ १ करोड ८१ लाख २५ हजार १८० रुपैयाँ तथा बेरुजुबाट ८ हजार २५० रुपैयाँ राजस्व संकलन भएको छ ।

चालु आवको ६ महिना अवधिमा मोटरसाइकल १ हजार २८० वटा, साना सवारी ५१३ वटा, टेम्पो/ई-रिक्सा ३३७ वटा, ठूला तथा मझौला सवारी तीन सय २१ वटा र ट्याक्टर ५ गरी २ हजार ४५८ नयाँ सवारी दर्ता भएको कार्यालयप्रमुख श्रेष्ठले जानकारी दिए । यसअवधिमा नयाँ २ हजार १६३ र वर्ग थप १ हजार ३४८ गरी ३ हजार ६११ जनालाई सवारीचालक अनुमतिपत्र (लाइसेन्स) वितरण गरिएको प्रमुख श्रेष्ठले जानकारी दिए ।

यो अवधिमा २ हजार ९८४ नवीकरण, ४९ वटा प्रतिलिपि र ३९ वटा नवीकरण र प्रतिलिपि दिइएको जनाएको छ । कार्यालयले अघिल्लो आर्थिक वर्ष २०८०/८१ मा विभिन्न शीर्षकमा ५६ करोड ७ लाख १७ हजार रुपैयाँ राजस्व संकलन गरेको थियो भने ४ हजार ३९९ वटा सवारी साधन दर्ता गरेको थियो ।

हेटौंडाबाट नेपाल पानी उद्योग महासंघको घोषणा

साझाकुरा संवाददाता

हेटौंडा, १८ माघ/ देशैभरका जार तथा बोतलका पिउने पानी उत्पादन गर्ने उद्योगीको छाता संगठनका रुपमा नेपाल पानी उद्योग महासंघको घोषणा भएको छ । हेटौंडामामा भएको प्रथम प्रारम्भिक भेलाबाट महासंघको घोषणा भएको हो ।

भेलाबाट बिक्रम लिम्बु चेमजोङको नेतृत्वमा २३ सदस्यीय तदर्थ समिति गठन गरिएको छ । समितिको वरिष्ठ उपाध्यक्षमा भरत बुडाथोकी, उपाध्यक्षमा क्रमश र बिन्द्रमोहन अधिकारी, पुरुषोत्तम पाण्डे, रुपचन्द्र नौलखा, सवि कार्की, भुवन लोहनी, बिक्रम मण्डल रहेका छन् । महासंघको महासचिवमा युवा उद्योगी ध्रुवप्रसाद अधिकारी चयन भएका छन् । समितिको उपमहासचिवमा रेसा श्रेष्ठ, कोषाध्यक्षमा देवनारायण चौलागाईं रहेका छन् ।

भेलाले तदर्थ समितिको सदस्यमा क्रमश: सहदेब बोलखे, ज्ञानहरि लामा, अनिल आचार्य, टकबहादुर सारु, विष्णु हमाल, पदम राउत, शौरभ मारु, कृष्ण आचार्य, नारायण गिरी, शाहिल शाह, र क्की लामा र उपेन्द्रकुमार खड्का सर्बसम्मत चयन भएका छन् । नेपालमा पछिल्लो समय प्रशोधित पिउने पानीको निकै माग हुन थालेको छ । यस्तो अवस्थामा देशैभरि झण्डै ७ सय भन्दा बढि पानी उत्पादन गर्ने उद्योग संचालनमा रहेका छन् ।

पानी उद्योगमा १५ अरब भन्दा बढिको लगानी भएको छ भने २२ हजारले प्रत्यक्ष रोजगारी पाएका छन् । त्यसमा पनि रोजगारीमा जोडिएका परिवारबाट ६६ हजारले रोजगारमा प्रत्यक्ष लाभ लिएका छन् । तदर्थ समितिका संयोजक चेमजोङले सबै उद्योगीको हकहितको संरक्षण गर्न र नेपालको पानी अन्तर्राष्ट्रिय बजारमा लैजान पहल गर्न महासंघको स्थापना गर्नुपरेको बताए । उनले महासंघको पारदर्शितामा प्रश्न उठाउने ठाउँ नरहने गरी तोकिएको समयसीमा भित्र प्रथम अधिवेशन गर्ने समेत बताए । उनले देशभरका सबै पानी उद्योगीलाई महासंघमा गोलबन्द हुन आग्रह गरेका छन् ।

तदर्थ समितिका महासचिव युवा उद्योगी अधिकारीले धेरै लामो प्रयास र छलफलपछि महासंघको घोषणा गरिएको बताए । उनले सम्पूर्ण पानी उद्योगीको व्यावसायिकतामा सहयोग गर्न र उद्योगीको हकहितको संरक्षण तथा व्यवसायीलाई थप उत्तरदायी बनाउन महासंघको घोषणागरेको बताएका छन् । भेलामा देशैभरका प्रदेश संघ, विभिन्न जिल्लामा रहेका जिल्ला संघ, नगर तथा क्षेत्रीय संघका प्रतिनिधिको सहभागिता रहेको थियो ।

लागूऔषधसहित तीनजना पक्राउ

साझाकुरा संवाददाता

हेटौंडा, १८ माघ/ मकवानपुर प्रहरीले अवैध लागूऔषध फरकफरक स्थानबाट तीनजनालाई नियन्त्रणमा लिएको छ । प्रहरीले डाइजेपामसहित २ जना र गाँजासहित एकजनालाई पक्राउ गरेको हो ।

डाइजेपामसहित पक्राउ पर्नेमा हेटौंडा-८ कमानेका ३० वर्षीय सुमन स्याङ्तान र १९ वर्षीय प्रसुल देउला रहेका छन् । वीरगन्जबाट हेटौंडातर्फ आउँदै गरेको बा.प्र.०३-००५ प ९५९२ नम्बरको मोटर साइकललाई जाँचको क्रममा २ जना पक्राउ परेका हुन् । प्रहरीचौकी र तोमाटेले हेटौंडा-१५ मा चेकिङको क्रममा उनीहरुलाई पक्रेको हो ।

शंकाको आधारमा चेकिङ गर्दा लागूऔषध डाइजेपाम १२ एम्पुल, नुर्फिन १९ एम्पुल र फेनार्गन १६ एम्पुल गरी ४७ एम्पुल फेला परेको जिल्ला प्रहरी कार्यालय मकवानपुरले जनाएको छ । गाँजासहित पक्राउ पर्नेमा पर्सा भौराटार-७ का ३० वर्षीय बिनोद सहनी रहेका छन् । प्रहरीले उनको साथबाट लागूऔषध गाँजा ५ किलो ५९० ग्राम फेला पारेको थियो ।

पक्राउ परेका तीनै जनालाई जिल्ला अदालत मकवानपुरबाट १० दिनको म्याद थप अनुमति लिएर आवश्यक अनुसन्धान प्रक्रिया अघि बढाइएको छ ।

हेटौंडामा ७२ जनाको सामूहिक वेल विवाह हुँदै

साझाकुरा संवाददाता

हेटौंडा, १८ माघ/इहियज्ञ सुवर्णकुमार वेल विवाह गुठी हेटौंडाको आयोजनामा ५३ औं सुवर्णकुमार वेल विवाह कार्यक्रम हुने भएको छ । शुक्रबार गुठीले पत्रकार सम्मेलन गर्दै कार्यक्रमबारे जानकारी गराएको हो ।

यसवर्ष यही माघ २० र २१ गते हेटौंडा १० निवासी शंकर लाल श्रेष्ठको निवासमा गरिने जनाइएको छ । गुठीमा २० सदस्य छौं, कार्यक्रमको आलोपालो प्रणालीअनुरुप यसवर्ष मेरो पालो भएकाले सबैजनालाई कार्यक्रममा सहभागिता जनाउनु होला, श्रेष्ठले भने । वेल विवाह कार्यक्रममा यसवर्ष ७२ जना कन्याको सहभागिता रहने उनले बताए । २०२९ सालदेखि काठमाडौं उपत्यका बाहिर हेटौंडामा पहिलोपटक वेल विवाह गरिएको उनले बताए ।

विगत सम्झदैं उनले २०४२ सालतिर पूर्वमा विराटनगर र पश्चिममा धनगढी, वीरजञ्ज सम्मका नेवारी समूदायका कन्याको सयौं संख्यामा सहभागिता रहने बताए । हाम्रो यस कार्यक्रममा नेवार जातिकै ब्राह्मण, ब्राह्मणी, कर्माचार्य, जोशी, सेवाचार्य, प्रजापति र नापित गरी ७ जातीय पूजारीद्वारा पूजा गरिने प्रचलन रहेको श्रेष्ठले बताए । पत्रकार सम्मेलनमा गुठीका अध्यक्ष हरिषचन्द्र श्रेष्ठ, भुवनलाल श्रेष्ठ, शंकरलाल श्रेष्ठ, शर्मिला श्रेष्ठ, सुवर्णलाल श्रेष्ठलगायतको उपस्थिति रहेको थियो ।

बालबालिकासँग किताबका कुरामा पाँच विद्यालय

साझाकुरा संवाददाता

हेटौंडा, १८ माघ/ किताबघर, हेटौंडाले मासिकरुपमा सन्चालन गर्दै आएको 'बालबालिकासँग किताबका कुरा' को तेस्रो शृंखला शुक्रबार सम्पन्न भएको छ । कार्यक्रममा विभिन्न पाँचवटा विद्यालयका विद्यार्थीले 'सानो छहारी' किताबको परिचर्चा गरेका छन् ।

पुस्तकका लेखक यशु श्रेष्ठको उपस्थितिमा भएको कार्यक्रममा ज्ञानोदय बालवाटिका आवासीय मावि, पिप्लेका नेत्रप्रसाद उप्रेती, माउन्ट एभरेष्ट इङलिस स्कुल कमानेकी सारिका सुवेदी, चन्द्रोदय मावि कमानेकी शुभेच्छा तिमल्सिना, श्रमिक मावि कर्राकी प्रियंका गुप्ता र जीएस निकेतन हेटौंडाकी रुबस पराजुलीले पुस्तकमाथि आफ्ना धारणा राखेका थिए । सहभागीले 'सानो छहारी' पुस्तकले पर्यावरणीय चेतनाका साथसाथै तीन फरक पुस्ताबीचको सम्बन्धलाई बुझाउन सहयोग पुग्ने बताए । यसका साथै कुनै प्राणीप्रति दयाभाव प्रकट गर्दैगर्दा जीवजन्तुको खाद्यशृंखलामा असर गर्ने अवस्थाप्रति लेखक सजग हुनुपर्ने बताएका थिए ।

सहभागीका जिज्ञासाको जवाफ दिँदै लेखक श्रेष्ठले लेखकीय विवेक प्रयोग गर्दै पाठकले सोचेभन्दा फरक तरिकाले पनि कथावस्तु अघि बढाउन सक्ने बताए । दुई सयभन्दा

बढी बालसाहित्यका पुस्तक प्रकाशन गरिसकेका लेखक श्रेष्ठले बालबालिकाले आफ्ना निजी अनुभवलाई समेटेर पनि कथा सिर्जना गर्न सक्ने उल्लेख गरे । कार्यक्रममा माउन्ट एभरेष्ट इङ्लिस स्कुलका प्रिन्सिपल रामहरि रिमाल, मकवानपुर बालविद्यासदनका प्रिन्सिपल सुदीपराज गिरी, खोजी प्रकाशन गृहका प्रकाशक सुशील चालिसे, साहित्य संगम मकवानपुरका अध्यक्ष डीबी बर्तौलालगायतको उपस्थिति थियो । किताबघरले गत पुसदेखि हरेक महिनाको तेस्रो शुक्रबार नियमितरुपमा यो कार्यक्रम सञ्चालन गर्दै आएको छ ।

९० मेगावाट मर्स्याङ्दी जलविद्युत् आयोजनालाई जुट्यो साढे १० अर्ब लगानी

काठमाडौं, १८ माघ/ ९० मेगावाट क्षमताको मर्स्याङ्दी नदी अर्धजलासययुक्त जलविद्युत् आयोजनालाई लगानी जुटेको छ । तीन जिल्ला गोरखा, लमजुङ र तनहुँ भएर बग्ने यस आयोजनामा कुमारी बैंकको अगुवाइमा १० अर्ब ५० करोड रुपैयाँ बराबर लगानी गर्ने गरी वित्तीय व्यवस्थापन टुंगो लागेको हो ।

लगानी सम्झौतामा शुक्रबार सम्झौता भएको छ । सम्झौतामा एमए पावरका अध्यक्ष अनुप आचार्य र कुमारी बैंकका प्रमुख कार्यकारी अधिकृत रामचन्द्र खनालको उपस्थितिमा कुमारी बैंक, प्रभु बैंक, कृषि विकास बैंक र सिद्धार्थ बैंकबीच ऋण सम्झौता भएको छ ।

कम्पनीका अनुसार निर्माण अवधिको ब्याजसहित यस आयोजनामा २० अर्ब २५ करोड रुपैयाँ लागत अनुमान गरिएको छ । जसमा ७५ प्रतिशत ऋण र २५ प्रतिशत स्वपूँजी लगानी हुने भएको छ । यो आयोजनामा कुमारीले ४ अर्ब, प्रभुले ३ अर्ब, सिद्धार्थले २ अर्ब र कृषि विकास बैंकले १ अर्ब ५० करोड रुपैयाँ लगानी गर्ने भएका छन् । स्वपूँजी भने अनुप आचार्य, हरिबाबु न्यौपाने र दीपक बरालको हुनेछ । डोल्मा इम्प्याक्ट फन्डसमेत यो आयोजनामा लगानी गर्न इच्छुक देखिएको कम्पनीको भनाइ छ । यो समूहले बनाइरहेको २२ मेगावाटको सेतीखोला हाइड्रो अहिले निर्माणको अन्तिम चरणमा छ । यो आयोजनाको १ कात्तिक २०८० मा नेपाल विद्युत् प्राधिकरणसँग विद्युत् खरिद बिक्री सम्झौता भएको थियो । आयोजनाबाट २२ वैशाख २०८६ मा उत्पादन थाल्ने योजना छ ।

गण्डकीमा गाँजाखेतीसम्बन्धी बिधेयक आउँदै, बागमती मौन

साझाकुरा संवाददाता

हेटौंडा, १८ माघ/ गण्डकी प्रदेश सरकारले गाँजाखेतीलाई वैधानिकता दिने विधेयक ल्याउने तयारी गरेको छ । माघ २१ गतेदेखि सुरुहुने हिउँदे अधिवेशनमा विधेयक संसदमा टेबलको तयारी गरिएको बताइएको छ ।

सरकारले विधेयकको प्रारम्भिक मस्यौदा पहिल्यै तयार गरिसकेको छ भने मन्त्रिपरिषद् बैठकबाट विधेयक संसद्मा टेबल गर्ने निर्णय भइसकेको छ । विधेयकमा गाँजाखेती, बिक्री र प्रयोगसम्बन्धी स्पष्ट नियमावली तयार गरिएको छ । गाँजाको वर्गीकरणमा नशायुक्त तत्व डेल्टा नाइन टीएचसीको मात्रा हेरी १ प्रतिशतभन्दा कम भए भाङ र सोभन्दा बढी भए गाँजाकारुपमा वर्गीकरण गरिने व्यवस्था छ ।

१८ वर्षभन्दा कम उमेरका व्यक्तिलाई गाँजाखेतीमा संलग्न हुन रोक लगाइएको छ । गाँजाको बिक्री र वितरण पनि निश्चित मापदण्ड अनुसार मात्रै गर्न सकिने प्रावधान विधेयकमा समावेश गरिएको छ । बागमती प्रदेशले पनि गाँजाखेतीलाई वैधानिकता दिन विधेयक ल्याउने चर्चा पहिल्यै भएको थियो । यो विषयमा हालसम्म कुनै प्रगति देखिएको छैन । बागमतीमा गाँजाखेतीसम्बन्धी विधेयकको मस्यौदा तयार पार्न प्रक्रिया सुरु समेत नगरिएको प्रदेशसभा स्रोतले जनाएको छ ।

बागमती प्रदेशमा गाँजाखेतीलाई लिएर कुनै ठोस कदम नचालिएकोले स्थानीय किसान र व्यवसायीहरु अन्योलमा छन् । गाँजाखेतीलाई चिकित्सा, उद्योग र व्यवसायमा उपयोग गर्न सकिने सम्भावना हुँदा पनि प्रदेश सरकारले ढिलाइ गर्नुले आवश्यक पहलको खाँचो देखिएको छ । यसबीच, गण्डकी प्रदेशले विधेयक टेबल गर्नै लाग्दा बागमतीको सुस्तता माथि प्रश्न उठ्न थालेका छन् ।

हेटौंडा आईडल
Construction Expo-2
निर्माण व्यवसायी संघ मकवानपुरको आयोजनामा यही मिति २०८१ फागुन ६ गतेदेखि १८ गतेसम्म हेटौंडा-१० टिसिएन चौरमा दोश्रो राष्ट्रिय निर्माण तथा ब्यापार महोत्सव-२०८१ हुन गईरहेको छ । सोही अवसरमा **हेटौंडा आईडल** गायन प्रतियोगिता हुने भएकोले ईच्छुक नव गायकहरुले संघको कार्यालयमा सम्पर्क गरी रु. १००/- (रु. एकसय) को फारम खरिद तथा एकप्रति फोटो सहित २०८१ फागुन २ गतेसम्म बुझाउन हुन अनुरोध गरिन्छ ।
सम्पर्क :
निर्माण व्यवसायी संघ, मकवानपुर । हेटौंडा-४
सम्पर्क: ०५७-५२०८१६, ९८०६८०००८१ (दिपेश)

यही माघ १७ गतेदेखि सञ्चालन हुँदैछ
विर पुर्खा यातायात प्रा.लि.द्वारा संचालित ई.भि. हेटौंडा-फापरबारी हुँदै सिन्धुलीबाट चकमके तिन पाटनसम्म

हेटौंडाबाट छुट्ने समय	सिन्धुलीबाट छुट्ने समय	चकमकेबाट छुट्ने
बिहान : ७:३० बजे	बिहान: ९:०० बजे	बिहान : ६:०० बजे
बिहान : १०:०० बजे	दिउँसो : २:३० बजे	विहान : ९:०० बजे
दिउँसो : १:३० बजे	दिउँसो : १२:१५ बजे	

नोट :
- घरदैलो सेवा, सिजर्भको व्यवस्था ।
- नयाँ मोडलको गाडीहरु ।
- प्रति यात्रु ५ लाखको बिमा गरिएको छ ।
- दक्ष तथा अनुभवी चालकहरु ।

"नयाँ गाडिको आरामदायी मज्जा लिन कतै छुट्नु होला नि !"
काउन्टर लोकेशन: कान्तिराजपथ साझा बस लाग्ने स्थान सँगै
सम्पर्क नं.:९८५४०४२८८०, ०५७-५२१६५५, ९७६७४९०४४०
सिन्धुली सम्पर्क नं.: ९७६७४९३०३२

हेटौंडा उपमहानगरपालिका
१९ नं. वडा कार्यालय
बस्तीपुर, हेटौंडा, मकवानपुर
बागमती प्रदेश, नेपाल

आदरणीय सबै वडावासीहरुमा जानकारीको लागि अनुरोध !

नेपालको संविधानको भाग ३ मौलिक हकको धारा ३९ मा बालबालिकाको हक सम्बन्धि व्यवस्था भएको र स्थानीय सरकार संचालन ऐन, २०७४ तथा बालबालिका सम्बन्धि ऐन, २०७५ समेतलाई कार्यान्वयन गर्न गराउनको लागि यो वडा तत्पर रहेको हुंदा २० बर्ष मुनिका किशोर किशोरीहरूले विवाह गरे गराएमा दुबै पक्ष कानून बमोजिम दण्डनीय भई उक्त २० बर्ष मुनिको विवाह दर्ता नहुने र स्वत: बदर हुने भएकाले आ-आृनो तर्फबाट सचेत भई अरूलाई समेत सचेत गराई कानूनको पालना गर्न गराउनको लागि हार्दिक अनुरोध गर्दछौं ।

साथै १४ बर्ष मुनिका बालबालिकालाई निष्कृष्ट प्रकारको श्रम (जस्तै: मोटर ग्यारेज, होटेल, गिट्टी बालुवा ढुवानी आदी) मा नलगाउनु हुन र विद्यालयमा भर्ना गराई नियमित रूपमा पठनपाठन कार्यमा संलग्न गर्नु गराउनु हुन हार्दिक अनुरोध छ । यदि वडा भित्र माथि उल्लेखित कानून बिरूद्धका कार्यहरू भए गरेमा कानून बमोजिम भइजाने ब्यहोरा पनि जानकारी गराइन्छ ।

नरनाथ सुवेदी (वडा अध्यक्ष)
एवम्
१९ नं. वडा कार्यालय

साझाकुरा राष्ट्रिय दैनिकका लागि **सचिन न्यौपाने**द्वारा प्रकाशित, सम्पादक: **सरला खनाल**, कार्यालय/मुद्रण: हेटौंडा-१ चौकीटोल, फोन नं.: ०५७-५२१११५, E-mail:sajhakura@gmail.com, URL: www.sajhakuranews.com, पोष्ट बक्स नं. २९, **मुद्रण:** सफल छापाखाना